राष्ट्रिय 'क' वर्गको पत्रिका
16 Years MISSION
नेपाल सम्वत् ११४६
मंसिर कृष्ण त्रयोदशी

www.missiontodaynews.com
'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित
राष्ट्रिय दैनिक

अब धेरै नसोचौं। छिटो, छरितो एवम् गुणस्तरीय छपाईको लागि मिसन अफसेट प्रेस (छापाखाना) लाई नै रोजौं।
9858023069, 9858040368, 9858043069

वर्ष : १६ | अंक १३७ | पृष्ठ ८ | मंगलबार २ मंसिर २०८२ | (TUESDAY 18 NOVEMBER 2025) | मूल्य रु. १०

## स्थानीय सरकारको स्वामित्वमा कोहलपुर शवदाह गृह

मिसन संवाददाता
*कोहलपुर (बाँके), १ मंसिर*

निर्माण सुरु भएको एक वर्ष १ महिना १२ दिनपछि कोहलपुर शवदाह गृह स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। सोमबार एक औपचारिक कार्यक्रमकाबीच कोहलपुर शवदाह गृह उद्घाटन गरेर स्थानीय सरकारलाई हस्तान्तरण गरिएको हो। विभिन्न सुविधासहितको शवदाह गृह कोहलपुर नगरपालिकाद्वारा गठित कोहलपुर शवदाह गृह निर्माण उपभोक्ता समितिले निर्माण गरेको थियो।

समितिले शवदाह गृह निर्माणका सम्पूर्ण काम सकाएर आगामी दिनमा सञ्चालनका लागि औपचारिक रूपमा नगरपालिकालाई हस्तान्तरण गरेको हो। निर्माण उपभोक्ता समितिका अध्यक्ष चक्रबहादुर अधिकारीले कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यलाई चाबी हस्तान्तरण गरे। योसँग अब उक्त शवदाह

बाँकी दोस्रो पृष्ठमा...



### 'कोहलपुरवासी सपना पूरा भयो'

कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यले शवदाह गृहबाट कोहलपुर र छिमेकी पालिकालाई लाभान्वित हुने बताए। उनका अनुसार अब अगैया जानुपर्ने बाध्यता सधैंका लागि अन्त्य भएको छ। 'कोहलपुरवासीको सपना पूरा भएको छ। अब हामी व्यवस्थित रूपमा सञ्चालन गर्नेछौं। अर्को मेसिन आवश्यक छ।

छिटो भन्दा छिटो थप्नेछौं। दीगोपनामा ध्यान दिइनेछ,' नगरप्रमुख आचार्यले भने। अब सःशुल्क

बाँकी दोस्रो पृष्ठमा...

## विद्यार्थीको खाजामा भ्रष्टाचार गर्ने प्रधानाध्यापक र अध्यक्षविरुद्ध मुद्दा

मिसन संवाददाता
*काठमाडौं, १ मंसिर*

कपिलवस्तुको तौलिहवा नगरपालिका-८ स्थित विश्वमैत्री आधारभूत विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर भएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रधानाध्यापक विश्वम्भर रैदास र अध्यक्ष दुर्गा थारूविरुद्ध ४ लाख ४३ हजार ४३० रूपैयाँ भ्रष्टाचार गरेको निष्कर्षसहित मुद्दा दायर गरेको हो।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको भन्दै भ्रष्टाचार मुद्दा दर्ता भएको जनाएको छ। आर्थिक वर्ष २०७८-०७९ मा कपिलवस्तु नगरपालिकाले विद्यालयका लागि छात्रवृत्ति शीर्षकमा ५१ हजार ६ सय रूपैयाँ र दिवा खाजा शीर्षकमा २ लाख ४७ हजार ५० रूपैयाँ विनियोजन गरेको थियो।

पाठ्यपुस्तक शीर्षकमा १ लाख १६ हजार ७२९ विनियोजन भएको थियो। प्रधानाध्यापक रैदास र अध्यक्ष थारूको मिलेमतोमा छात्रवृत्तिको ५१ हजार ६०० सबै रकम




अपचलन गरेका थिए। कुनै विद्यार्थीलाई छात्रवृत्ति दिएका थिएनन्।

दिवा खाजा २ लाख ४७ हजार ५० रूपैयाँमध्ये मात्र ९ हजार खर्च गरिएको थियो। २ लाख ३७ हजार १५० रूपैयाँ अपचलन गरिएको थियो। पाठ्यपुस्तक शीर्षकमा विनियजन गरिएको १ लाख १६ हजार ७२९ मध्ये मात्र १ हजार ७६४ रूपैयाँको पाठ्यपुस्तक खरिद गरी ३ जना विद्यार्थीलाई वितरण गरिएको थियो। बाँकी रु १ लाख १४ हजार ९६५ रकम अपचलन गरिएको थियो।

बाँकी दोस्रो पृष्ठमा...

## लुम्बिनीका सभामुखले गरे सचिवालय विघटन

मिसन संवाददाता
*दाङ, १ मंसिर*

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले आफ्नो स्वकीय सचिवालय विघटन गरेका छन्। संघीय सरकारले प्रदेशका सभामुख र उपसभामुख नचिनेको भन्दै उनले सचिवालय नै विघटनको निर्णय गरेका हुन्।

सभामुख घर्ती मगरले आइतबार विज्ञप्ति जारी गर्दै प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५ को दफा ८ को उपदफा (१) अनुसार प्रदान हुँदै आएको स्वकीय सचिवालय तथा निजी कर्मचारी सुविधा विशेष परिस्थिति र वर्तमान अवस्थामा आवश्यकतालाई मध्यनजर गर्दै स्थगित गरिएको उल्लेख गरेका छन्। सचिवालय हटाउने निर्णय मंसिर १ गते सोमबारदेखि लागू हुने सूचनामा उल्लेख छ।

जेनजी आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई ३ जनाभन्दा बढी सचिवालय नराख्न भन्दै पत्राचार गरेको थियो। तर, पत्रमा प्रदेशका सभामुख र उपसभामुखको विषयमा कुनै उल्लेख थिएन। त्यसले सातै प्रदेशका सभामुखले संघीय सरकारले प्रदेशसभा नचिनेको भन्दै गुनासो गर्दै आएका थिए। मुख्यमन्त्रीहरूले पनि प्रधानमन्त्री कार्कीसँगको भेटमा प्रदेश सरकार स्वायत्त भएको भन्दै सचिवालय हटाउने पत्र कार्यान्वयनमा बाध्यकारी नहुने लबिङ गरेका थिए।

तर, संघीय सरकारबाट कुनै पत्राचार नभएपछि सभामुख घर्तीले सोमबारदेखि लागू हुने गरी ५ सदस्यीय सचिवालय हटाएका हुन्। सभामुख घर्तीको सचिवालयमा उपसचिव स्तरको स्वकीय सचिवमा पदम सोमै, अधिकृत स्तरको सहायक स्वकीय सचिव, प्रेस संयोजक, कार्यालय सहयोगी र चालक रहेका थिए। अर्को व्यवस्था वा निर्णय नभएसम्मका लागि



सभामुखको ५ जनाको सचिवालयका सबै कर्मचारीले मंसिर १ गतेबाट लागू हुने गरी अवकाश पाएको प्रदेश सभा सचिवालयका सूचना अधिकारी गिरीराज खनालले जानकारी दिए। 'सभामुखज्यूको सचिवालयमा ५ जना हुनुहुन्थ्यो,' उनले भने, 'सोमबारदेखि लागू हुने गरी सबै जनाको अवकाश भएको छ।' सचिवालय हटाइएपछि अब चालक कसरी व्यवस्थापन हुने भन्ने अन्यौल प्रदेशसभालाई रहेको

बाँकी दोस्रो पृष्ठमा...

## कर्णालीको आन्तरिक मन्त्रालयलाई मुख्यमन्त्री कार्यालयमा गाभिने

मिसन संवाददाता
*सुर्खेत, १ मंसिर*

कर्णाली प्रदेशमा मन्त्रालयको सङ्ख्या घटाइएको छ। सोमबार बसेको कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद बैठकले आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभ्ने गरि मन्त्रालयको सङ्ख्या घटाएको हो।

मन्त्रालय घटाएसँगै कर्णाली प्रदेशमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित जम्मा सात वटा मन्त्रालय रहने छन्। सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार सोमबार बसेको मन्त्रिपरिषद् बैठकले यसअघि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कार्यक्षेत्रमा रहेका सबै कामहरू अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सञ्चालन हुनेछन्।

कार्य विभाजन नियमावली हेरफेर समेत गरिएको मन्त्री शाहले बताएका छन्। गत वैशाखमा अवकाशप्राप्त सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा प्रदेश सरकारले 'उच्चस्तरीय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति' गठन गरेको थियो। उक्त समितिमा कर्णालीकै पूर्वप्रमुख सचिव डा. गोपीकृष्ण खनाल र डा. सुरेश तिवारी सदस्य थिए। समितिको सुझावलाई क्रमशः कार्यान्वयन गर्न र प्रदेश संरचनालाई चुस्त दुरुस्त बनाउँदै लैजान प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या घटाउँदै लैजाने नीति अनुरूप मन्त्रालय गाभिएको हो।

सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार उक्त समितिले गत असार १५ गते सरकारलाई आफ्नो प्रतिवेदन बुझाएको थियो। प्रतिवेदनले प्रदेशका ८ वटा मन्त्रालयलाई घटाएर ६ वटामा झार्ने, दर्जनौं निर्देशनालय र

बाँकी दोस्रो पृष्ठमा...

जेनजी आन्दोलनका सहिद

## जेनजी मार्ग र गौरव जोशी मार्ग नामकरण

**जेनजी आन्दोलनपछि धनगढी उपमहानगरपालिका कार्यालयले कार्यालय नजिकै रहेको पार्क मोड आसपासको सडकलाई 'जेनजी मार्ग' नामकरण गरेको छ। यसैगरी तारानगर टोलस्थित गौरव जोशीको घर अगाडिको सडकलाई टोलवासीको पहलमा 'गौरव मार्ग' नामकरण गरिएको छ।**

सिद्धराज भट्ट
*सुदूरपश्चिम, १ मंसिर*

जेनजी आन्दोलनमा निधन भएका धनगढी उपमहानगरपालिका-५ तारानगरका २३ वर्षीय गौरव जोशीको मुखबाट पाँच दिनअघि नै आफू सहिद हुने वाणी आइसकेको थियो। डेरामा आमा माया जोशीसँग आन्दोलनको पाँच दिनअघि भएको संवादमा गौरवले जेनजी आन्दोलन हुँदैछ भन्ने जानकारी गराएका थिए। आमासँगको संवादमा गौरवले देशका लागि आफू सहिद हुन परे पनि हुन्छु भनेर आन्दोलनमा हिडेका थिए।

गौरवको काठमाडौं बानेश्वरमा भदौ २३ गते भएको प्रदर्शनका क्रममा चलेको गोली लागेर निधन भएको थियो। आमासँग भदौ २३ गते पनि भएको संवादको क्षण सम्झिँदै स्व गौरवकी दिदी आइसाले भनिन्, 'आन्दोलन शान्तिपूर्ण हुन्छ, देशका लागि आफू सहिद हुनुपरे पनि




हुन्छु, आन्दोलनमा जान्छु है आमा भनेका थिए, आमाले भने नजाउ बाबु, घरमै बसेर किताब पढ भनेर सल्लाह दिनुभएको थियो।' तर जेनजी आन्दोलन शान्तिपूर्ण हुन्छ भन्दै डेराबाट निस्किएका गौरवको आमासँगको त्यो दिनको संवाद नै अन्तिम बन्न पुग्यो।

बानेश्वरमा कोठा भाडामा लिएर आमा र दिदीसँगै बसेका गौरवमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमता थियो। गोली लाग्नुअघि गौरवले सामाजिक सञ्जाल बन्द र बेथितिविरुद्ध तथा भ्रष्टाचार नियन्त्रणका मुद्दामा दिइरहेको प्रतिक्रिया 'भिडियो'मार्फत सार्वजनिक भएको देखिएको थियो। घरका एक्लो छोरा गौरवको निधनको पीडाले जोशी परिवारका सदस्यलाई पोलिरहेको छ। कलिलै उमेरमा भएको निधनपछि गौरवका बुबा, आमा र दिदीका आँसु रोकिएका छैनन्। पुत्रशोकका कारण बुबा ७६ वर्षीय वासुदेव घरमा भेट्न आउनेसमक्ष एकोहोरो टोलाइरहन्छन्।

विदेश गएर कमाइ गरी परिवारको सहज जीविकोपार्जनमा बुबालाई सहयोग गर्ने गौरवको योजना थियो। तर विदेश पुगेर गर्ने कमाईले परिवार पाल्ने आफ्नो वचन पूरा नगर्दै सधैंका लागि अस्ताएपछि गौरवको परिवार सदस्य सहराविहीन भएको छ। विदेश गएर कमाई गर्ने योजनासहित जोशीले विभिन्न देशका लागि राहदानीका लागि प्रयास गरिरहेका थिए। प्रयास सफल हुन नसकेपछि बेलायत जानका

बाँकी दोस्रो पृष्ठमा...

**Vacancy Announcement**

| S.No. | Post | Qty. |
|---|---|---|
| 1. | Pharmacy | 2 |
| 2. | Staff Nurse | 10 |
| 3. | H.A. | 3 |
| 4. | Lab. Biomatric | 5 |
| 5. | Prabhidhik | 8 |
| 6. | Helper | 5 |
| 7. | Radiography | 3 |
| 8. | MBBS Doctor | 3 |
| 9. | Security Guard | 2 |
| 10. | Physiotherapy | 2 |
| 11. | Eye | 3 |
| 12. | Dental | 2 |
| 13. | O.T. Technician | 2 |
| 14. | Driver | 5 |

**Form Fee : Rs. 200**
Day Upto 1 Week Left

**Needed Document**
- Citizenship Photocopy
- Education/Qualification Certificate
- Experience Letter
- Photo 2 copy

*अन्तरवार्तामा आउँदा सम्बन्धित निकायको सक्कली कागजपत्र लिएर आउनु पर्नेछ।*

अस्पताल प्रशासन

**RUHANI HOSPITAL PVT. LTD.**
Nepalgunj -12 Banke
Contact No.:- 9708599989

## पहिलो पृष्ठको बाँकी

### लुम्बिनीका...

छ। लुम्बिनीमा यसअघि नै मुख्यमन्त्री चेतनारायण आचार्यले ६ जना आफ्नो सचिवालयबाट हटाएका थिए। तर, प्रदेश प्रमुखले भने अहिलेसम्म हटाएका छैनन्।

संघीय सरकारको पत्र र लुम्बिनीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्राचारपछि प्रदेशसभा सचिवालयले यसअघि प्रदेशसभा सदस्यले प्राप्त गर्दै आएको स्वकीय सचिवलाई पनि हटाएको थियो। प्रदेशसभाले असोज १ देखि नै प्रदेशसभा सदस्यले राख्दै आएका स्वकीय सचिवहरूको तलब सुविधा रोक्का गरेको थियो। सचिवालय स्रोतका अनुसार सभामुख र उपसभामुखको सचिवालयका कर्मचारी भने असोज र कात्तिकमा यथावत् कार्यरत थिए। उनीहरूका कात्तिकसम्मको तलब पनि भुक्तानी हुन बाँकी नै छ।

### कर्णालीको...

कार्यालय खारेज गर्ने तथा कर्मचारी दरबन्दीलाई दुई हजार ५०० मा सीमित गर्नेजस्ता महत्वपूर्ण प्रस्ताव अघि सारेको थियो।

मन्त्री शाहले हाल कार्यरत कर्मचारीको स्वीकृत दरबन्दी कटौती नहुने गरि दरबन्दी मिलाइएको जानकारी दिए। जसमा एकजना एक प्रदेश सचिवसहित २५ जना कर्मचारीको दरबन्दी कटौती गरिएको छ। दुवै मन्त्रालयमा गरि कर्मचारीको दरबन्दी हाल एकसय एक जना रहेकोमा जम्मा ७६ दरबन्दी कायम गरेको छ। जसबाट प्रशासनिक कामहरू चुस्तसँगै चालू तथा प्रशासनिक खर्चबापत करिव तीन करोड वार्षिक खर्च कटौती हुने मन्त्री शाहले जानकारी दिए।

त्यस्तै स्थापना भएरपनि लामो समयदेखी रोकिएको कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको संगठन संरचना स्वीकृत गरिएको छ। जसमा एक जना कार्यकारी निर्देशकसहित १४ जना नयाँ दरबन्दी स्वीकृत गरिएको छ। बैठकले प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ अनुसुची हेरफेर गरिएको छ। जसमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गर्ने कामहरू मुख्यमन्त्री तथा मन्त्रालयले गर्ने गरि व्यवस्था मिलाइएको छ।

बैठकले कर्णाली खर्च मापदण्ड २०८२ स्वीकृत गरिएको छ। जसमा चालू तथा प्रशासनिक खर्चलाई संघीय कानुनसँग एकरूपता, समयनुसार परिमार्जन तथा मितव्ययी बनाइएको छ। मन्त्रिपरिषद् बैठकले कर्णाली प्रदेश बालविवाह अन्त्य सम्बन्धी रणनीति, २०८२ स्वीकृत गरिएको छ। कर्णाली प्रदेश प्रतिष्ठानमा कार्यकारी निर्देशकको रूपमा उपसचिव सुरेन्द्रबहादुर शाहीलाई बढीमा ६ महिनाको लागि कामकाज खटाउने निर्णय भएको छ।

त्यस्तै कर्णाली प्रदेश वार्षिक कार्यक्रम तथा विनियोजन ऐन अनुसार सहिद स्मृति भत्ता र जीवन निर्वाह भत्तावापत चार करोड ८५ लाख ५२ हजार सम्बन्धित स्थानीय तहमा अख्तियारी दिने निर्णय भएको मन्त्री शाहले जानकारी दिए।

### स्थानीय...

गृह औपचारिक रूपमा कोहलपुर नगरपालिकाको स्वामित्वमा सञ्चालन हुनेछ।

कोहलपुर शवदाह गृह निर्माणको २०८१ असोज १९ गते कोहलपुर नगरपालिकाका नगरप्रमुख आचार्यले शिलान्यास गरेका थिए। शवदाह गृहको गत जेठ महिनामा प्रारम्भिक परीक्षण गरिएको थियो। परीक्षण सफल भएपछि निःशुल्क रूपमा शवदाह हुँदै आएको थियो। हालसम्म ७८ जनाको निःशुल्क शवदाह गरिएको छ। अब नगरपालिकाले सःशुल्क शवदाह गर्नेछ। शवदाह गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधिमा प्रति लास २५ सय रूपैयाँ शुल्क तिर्नुपर्ने उल्लेख गरिएको छ।

शवदाह गृह निर्माणका लागि व्यक्तिगत रूपमा न्यूनतम १० हजारदेखि संस्थागत रूपमा अधिकतम् ५० लाख रूपैयाँसम्म आर्थिक सहयोग गरेको कोहलपुर शवदाह गृह निर्माण उपभोक्ता समितिले जनाएको छ। शवदाह गृह निर्माणका लागि सबैभन्दा धेरै एभरेष्ट बैंक लिमिटेडले ५० लाख, कोहलपुर नगर विकास समितिले ४३ लाख, ग्लोबल आईएमई बैंक लिमिटेडले २० लाख र नेपालगन्ज मेडिकल कलेज कोहलपुरले ५ लाख ५१ हजार रूपैयाँ आर्थिक सहयोग गरेका थिए।

यस्तै सृजन ग्लास तथा फर्निचर हाउस कोहलपुर-११ ले १ लाख १५ हजार १५१ रूपैयाँ र कोहलपुर शवदाह गृह उपभोक्ता समितिले १ लाख १५ हजार ६५ रूपैयाँ सहयोग गरेका छन्। कोहलपुर-६ का कृष्ण शाहले ढुंगे धारा, दुगड ग्रुपले प्रतिक्षालय, कोहलपुर-११ का कृष्ण केसीले शिव मूर्ति र जेनेरेटर, मनकामना समूह (टायल उद्योग)ले शवदाह गृहमा ब्लक, ग्लोबल ब्रिकले टोयम इट्टा र सिटिजन्स बैंकले सिमेन्ट र सरिया सहयोग गरेको निर्माण उपभोक्ता समितिले जनाएको छ।

यसैगरी, पवन कुमार थापा मगरले ५५ हजार ५ सय ५५, लुम्बिनी सुनचाँदी पसलले ५१ हजार १ सय ५१, गोरखा बोर्डिङ स्कुल, प्याब्सन बाँके, एनटीभी देउसी भैलो समूह, बागेश्वरी यातायात प्रालि र प्युठानी समाज बाँकेले ५१-५१ हजार रूपैयाँ आर्थिक सहयोग गरेका थिए।

कोहलपुर-११ का शिव कँडेल, बाल ज्योति स्कुल, उज्जवल मेडिकल हल र बागेश्वरी एकेडेमीले समान ३१-३१ हजार, यसैगरी मानबहादुर ओली र जीवन ज्योति स्कुलले समान ३०-३० हजार रूपैयाँ आर्थिक सहयोग गरेको निर्माण उपभोक्ता समितिले जनाएको छ। कोहलपुर-४ का भूमि राज कँडेलले २६ हजार, १३ जनाले जनही २५ हजार, एक जना २१ हजार, ३ जनाले १५ हजार, १ जनाले ११ हजार र ६ जनाले १०-१० हजार रूपैयाँ सहयोग गरेका छन्।

### कोहलपुरवासी...

शवदाह हुने उनले बताए। त्यसको लागि प्रतिशव २५ सय रूपैयाँ लाग्नेछ।

स्थानीय, विपन्न, आर्थिक अवस्था कमजोर भएका लगायतलाई केही प्रतिशत छुट गर्न सकिने नगरप्रमुख पूर्णप्रसाद आचार्यले बताए। उक्त अवसरमा बोल्दै कोहलपुर नगरपालिका उपप्रमुख संगीता सुवेदीले कोहलपुर शवदाह गृह गौरवको आयोजना भएको बताइन्। कोहलपुरमा शवदाह गृह होस् भन्ने चाहना राख्नेहरूको सहयोगका कारण गौरवको आयोजनाले पूर्णता पाएको उनले बताए। 'हाम्रो सपना पूरा भएको छ। अगैया जानुपर्ने बाध्यताको अन्त्य भएको छ। दातालाई आभार व्यक्त गर्न चाहन्छु' उपप्रमुख सुवेदीले भनिन्।

कोहलपुर शवदाह गृह निर्माण उपभोक्ता समितिका अध्यक्ष चक्रबहादुर अधिकारी आफ्नो नेतृत्वमा शवदाह गृह निर्माण गरेर नगरपालिकालाई प्रदान गर्न पाउँदा साह्रै खुसी लागेको बताए। आफूले कोहलपुरवासीको सपना पूरा गर्ने अवसर पाएकोमा गर्व महसुस भएको बताए। उनले भने, 'स्थानीय सरकारले अवसर दियो। सहयोगीदाताले हामीलाई पत्याउनुभयो। हामीले मेहेनत गर्यौं। आज हाम्रो सपना पूरा भएको छ।' कोहलपुर शवदाह गृह हस्तान्तरण कार्यक्रममा शवदाह गृह निर्माणको लागि आर्थिक सहयोग गर्ने दाताहरूलाई सम्मान गरिएको थियो।

### विद्यार्थीको...

यसका अतिरिक्त सामाजिक सुरक्षा करबापत ३९ हजार ७१५ रूपैयाँ पनि सम्बन्धित खातामा जम्मा नगरिएको आयोगले जनाएको छ। उनीहरूले विद्यार्थीलाई दिनुपर्ने सुविधा नदिई नेपाल सरकार र सार्वजनिक संस्था विश्वमैत्री आधारभूत विद्यालयलाई हानिनोक्सानी पुऱ्याएको र आफूलाई गैरकानुनी फाइदा लिएको आयोगको ठहर छ।

अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ ऐनको दफा ३ को उपदफा ९१० को देहाय (घ) तथा पहिलो संशोधन, २०५९ को दफा ३ को उपदफा ९१० को (ग) बमोजिम बिगो बमोजिम कैद र जरिवाना माग गरेको हो।

### जेनजी...

लागि अर्को तयारी गरिरहेका थिए। विदेश जानका लागि ऋण निकालेर बैंकमा राखेको पैसा खर्च गर्न मानेका थिएनन्।

वासुदेवले भने, 'छोरा गौरवसँगै भिसाका लागि प्रक्रिया अघि बढाएका भतिजा प्रविन जोशी बेलायत उडेकै दिन आफू भने पशुपतिमा गौरवको अन्त्येष्टिमा जानुपर्ने भयो, दैव पनि कस्तो निष्ठुरी बन्छ ?' उनले छोरालाई इञ्जिनियर पढ्न चाहिने खर्चका लागि धनगढीको आफू बसेको घरलाई बैंकमा धितो राखेर ऋण लिएका थिए। तर गौरवले इञ्जिनियर नपढी बेलायत गएर कमाई गर्ने इच्छा राखेर राहदानीका लागि पहल गरिरहेका थिए।

घर नजिकैको एक बोर्डिङ स्कुलमा कक्षा ४ सम्म अध्ययन गराउँदा पढाई राम्रो नभएपछि उनले गौरवलाई ऐश्वर्य विद्या निकेतन धनगढीमा भर्ना गराएका थिए। यस विद्यालयमा १२ कक्षा उत्तीर्ण भएपछि गौरव तीन वर्षअघि इन्जिनियर अध्ययन गर्ने योजनासहित काठमाडौं पुगेका थिए। काठमाडौं पुगेपछि बिहान स्वास्थ्यका लागि जिम क्लबमा जाने, प्रत्येक तेस्रो दिन पशुपति मन्दिरमा साँझपख बालिने आरती अवलोकनका लागि पुग्नुपर्ने उनको दिनचर्या बनेको थियो।

जेनजी आन्दोलनमा सहिद भएका परिवारका सदस्यले आगामी केही दिनभित्रै प्रधानमन्त्रीलाई भेटेर सहिद परिवारका लागि राहतका योजना ल्याइदिन माग गर्ने तयारीमा छन्। उनले भने, 'आगामी मंसिर पहिलो हप्तामा काठमाडौं पुगेर प्रधानमन्त्री सुशीला कार्कीलाई भेट्ने योजनामा छौं, सरकारले सहिद परिवारको सहज जीवनयापनका लागि केही राहत वा रोजगारीका कार्यक्रम ल्याइदिनका लागि आग्रह गर्दैछौं।'

कञ्चनपुरको महेन्द्रनगरमा सञ्चालित हटैराज सहकारी संस्थाले गत बिहीबार सहिद गौरवका बुबा वासुदेव र दिदी आइसालाई बोलाएर सम्मानित गरेको थियो। 'आफूहरूलाई बोलाएर सम्मानित गरिँदा जसको परिवारको सदस्य सहिद हुन्छ उसले सहिदको महत्व र गरिमा बुझ्ने रहेछ, सम्मानित हुन पाउँदा थोरै भए पनि पीडामा मह्लमपट्टी लागेको अनुभूति भयो', वासुदेवले भने। यो संस्था सहिद दशरथ चन्दको जन्मथलो बैतडी जिल्ला पुख्यौंली भएर हाल कञ्चनपुरको महेन्द्रनगर बसोबास गरिरहेका चन्द समुदायका व्यक्तिले स्थापना गरेको संस्था हो। यस संस्थाको पहलमा जोशी परिवारलाई रु एक लाख ३० हजारको सहयोग पनि गरेको छ।

गौरवलाई नेपाली विषय अध्यापन गराएका ऐश्वर्य विद्या निकेतन धनगढीका शिक्षक कमल जोशी कक्षामा गौरव अनुशासित र शान्त स्वभावका विद्यार्थी रहेको बताउँछन्। उनले भने, 'उनी साथीभाइमाझ शान्त, सालिन, कम बोल्ने, अनुशासित विद्यार्थी थिए, जेनजी आन्दोलनमा धनगढीका गौरवको निधन भएको भन्ने खबर पाउँदा विद्यालय परिवार दुःखी भयो।' विद्यालयका विद्यार्थी र शिक्षकले विद्यालय परिसरमै मैनवत्ती बालेर स्वर्गीय गौरवको आत्माको चिरशान्तिका लागि कामना गरेका थिए।

बैतडीको दोगडाकेदार पुख्यौंली घर भएका जोशी वन कार्यालयमा अस्थायी रूपमा कार्यरत रहँदा साढे चारदशकअघि धनगढीमा बसाइँसराइ गरेका थिए। उनले वन कार्यालयको अस्थायी नोकरी छाडेर धनगढीमा फर्निचर उद्योग चलाएर भएको आम्दानीले दुःख र सङ्घर्ष गर्दै घरायसी खर्चको जोहो गरेका थिए। अहिले उनको सामाजिक सुरक्षा भत्ता र आफू बस्ने घरको केही कोठा भाडामा लगाएर हुने कमाईबाहेक अन्य आम्दानीको स्रोत छैन।

गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा उनले छोरालाई गोली लागेको खबर दोस्रो दिन बिहान मात्रै पाएका थिए। जोशीले थपे, 'धनगढीमै रहेको सहोदर भाइको घरबाट खबर सुनाउन आफ्नो घरमा बिहानै चार/पाँच जना पुगेर खबर सुनाउँदा झसङ्ग भएँ, त्यसपछि अन्योल र अनिश्चितता भयो। संसार नै अध्याँरो जस्तो भयो।'

पहिलो श्रीमतीबाट छोरा नजन्मिएपछि छोराको आशमा उनले दोस्रो विवाह गर्नुभएको थियो। कान्छी श्रीमतीबाट छोरी आइसा र छोरा गौरव जन्मिएका थिए। उनकी छोरी आइसा जोशी 'एयर होस्टेज' अध्ययन सकाएर नोकरीको खोजीमा छन्। ऊर्जा मन्त्री कूलमान घिसिङले छोरीलाई एयरहोस्टेजको नोकरी दिलाउन पहल गरिदिने अश्वासन दिएको जोशीले बताए। 'जन्मेपछि मृत्यु त अनिवार्य हुन्छ नै तर त्यसले कृति गरेर जाँदाको अर्थ र महत्व बेग्लै हुने रहेछ, बैतडीमा जन्मिएका सहिद दशरथ चन्दले कृति बनाएर गएजस्तै आफ्नो छोराले पनि कृति बनाएर गएको छ', वासुदेवले भने।

सरकारले सामाजिक सञ्जाल बन्द गर्दा जेनजीहरूले आन्दोलन गर्दैछन् भन्नेसम्म सूचना पाएका जोशीले गोली लागेर छोराको मृत्यु हुन्छ भन्ने कल्पना पनि गरेका थिएनन्।

घटनापछि परिवारका अन्य सदस्यसँगै उनी छोराको अन्त्येष्टिका लागि धनगढीबाट काठमाडौं पुगेका थिए। 'काठमाडौंमा छोराको अन्त्येष्टिका दिन भएको शव यात्राले आफूलाई चिनायो, आफ्नै ठाउँ धनगढीमा भने छोराको फोटोसहितको यात्राले बजार परिक्रमा गरिदिएको भए मन केही शान्त हुन्थ्यो तर कसैले गरेनन्।'

सरकारले जेनजी आन्दोलनमा मृत्यु भएका गौरव जोशीसहितका व्यक्तिलाई सहिद घोषणा गर्दै जनही रु १५ लाख राहत उपलब्ध गराइसकेको छ। स्व. गौरवको स्मृतिमा धनगढीको कुनै सार्वजनिक ठाउँमा शालिक निर्माण गर्नका लागि जग्गा र आर्थिक सहयोगदाताको खोजीमा बासुदेव छन्। तर कतैबाट पनि सहयोग पाएका छैनन्। 'सालिक निर्माणका लागि सार्वजनिक जग्गाको खोजीमा छु, धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले विवाद नआउने खालको जग्गा खोज्नुस्, सहयोग गर्छौं भन्ने अश्वासन दिनुभएको छ', जोशीले भने।

जेनजी आन्दोलनपछि धनगढी उपमहानगरपालिका कार्यालयले कार्यालय नजिकै रहेको पार्क मोड आसपासको सडकलाई 'जेनजी मार्ग' नामकरण गरेको छ। यसैगरी तारानगर टोलस्थित गौरव जोशीको घर अगाडिको सडकलाई टोलवासीको पहलमा 'गौरव मार्ग' नामकरण गरिएको छ।

---

**झिमरुक गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**भ्यागुते, प्यूठान**

**लुम्बिनी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र विक्री सम्वन्धी

**प्रथम पटक प्रकाशित सुचना मिति :- २०८२/०८/०२ गते**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा२ को घ (६), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन,२०७८ को दफा ९ (१) को अनुसूची ६, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०७/३० गतेको निर्णय बमोजिम आ.व.२०८२/०८३ का लागि गाउँ कार्यपालिकाको निर्णय र झिमरुक गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परिमाणको ढुङ्गा, गिट्टी,वालुवा आदि नदीजन्य पदार्थको उत्खनन्, संकलनतथा विक्री करहरूको असुली सम्बन्धी कार्य गर्नको लागि देहाय बमोजिम को ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमका सर्तहरूको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | संकलन तथा उत्खनन क्षेत्र | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक | बैंक जमानत | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| JRM/SQ/GOODS/04/2082/083 | झिमरुक खोला खमारी घाट क्षेत्र (१) र झिमरुक खोला खमारी घाट क्षेत्र (२) ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | 3,792.60 | 803,606.43 | 28000 | 1000 |
| JRM/SQ/GOODS/05/2082/083 | झिमरुक खोला बालुवा लामासेरा क्षेत्र ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | 1,587.60 | 336,393.39 | 8000 | 1000 |
| JRM/SQ/GOODS/06/2082/083 | झिमरुक गर्तङ्ग दोभान छाप्रे क्षेत्र र गर्तङ्ग खोला (बालुवा) क्षेत्र ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | 3038.00 | 643,715.74 | 20000 | 1000 |
| JRM/SQ/GOODS/07/2082/083 | झिमरुक खोला चिसाबाङ्ग रातटारी क्षेत्र (१), झिमरुक खोला चिसाबाङ्ग रातटारी क्षेत्र (२), झिमरुक खोला गुडगुडे रह क्षेत्र (१) र झिमरुक खोला गुडगुडे रह क्षेत्र (२) ढुंगा, गिट्टी र बालुवा सङ्कलन तथा उत्खनन कार्य | 3,180.10 | 673,825.03 | 20000 | 1000 |

| खाताको नाम | बैंकको नाम | खाता नं. |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरूले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, PAN VAT दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू, नागरिकताको प्रमाणपत्र र दरभाउपत्र फाराम दस्तुर रु १००० (पछि फिर्ता नहुने गरी) बुझाई उल्लिखित समयभित्र दरभाउपत्र खरिद गर्न सकिने छ।

२. सुचना प्रकाशित भएको मितिले १६ औंदिनको १२:०० बजेभित्र खरिद गरी अनलाइन दर्ता गराई सक्नु पर्नेछ। सो समयभित्र अनलाइन दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरू दर्ता गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि सिलवन्दी दरभाउपत्रदाता वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा दरभाउपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. ठेक्काको स्वीकृत पश्चात तोकिएको समयभित्र सम्झौता हुनुपूर्व नै मू.अ.कर सहितको कबुल रकमको एकमुष्ट रकम वुझाएमा दश प्रतिशत छुट दिइनेछ। सो नभए प्रथम किस्तामा मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा १ वर्षसम्म म्याद सहित जारी गरीएको बैंक जमानत बुझाउनु पर्नेछ।

४. सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनुपर्ने छ। मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको सिलवन्दी दरभाउपत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

५. ठेक्का संचालनको सिलसिलामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ।

६. झिमरुक गाउँपालिकाको कार्यालयलाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरूको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

७. ठेक्का सम्झौता अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट बैंक जमानत जफत गरिने छ।

८ ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८३ साल आषाढ मसान्तसम्म हुनेछ। तर नदीजन्य सामग्रीको उत्खनन/संकलन अवधि ठेक्का सम्झौता भएको मितिबाट २०८३ जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

९. झिमरुक नदी र गर्तङ्ग खोलाबाट निकालिने निर्माण सामग्री निकाल्दा झिमरुक गाउँपालिकाको कार्यालयवाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ।

१०. नदीजन्य सामग्रीहरू उत्खनन/संकलन गर्दा माथि उल्लिखित नदी तथा खोलाहरूवाट मात्र गर्न पाईनेछ। साथै सो उत्खनन सम्बन्धी स्वीकृत (IEE) प्रतिवेदनको विस्तृत विवरण सिलवन्दी दरभाउपत्र साथ उपलब्ध गराईनेछ।

११. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार झिमरुक गाउँपालिकाको कार्यालयमा निहित रहनेछ।

१२. सर्त राखी पेस गरेको, रित नपुगेको र म्याद नाघी आएका सिलवन्दी दरभाउपत्र माथि कारवाही हुने छैन।

१३. जिल्ला अनुगमन तथा समन्वय समिति र झिमरुक गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिने छ।

१४. (IEE) प्रतिवेदनले तोकेको स्थानबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ। यसरी उत्खनन गरेको परिमाणको लगत प्रत्येक १/१ महिनामा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन। यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन।

१५. माथि उल्लिखित सर्तहरू बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य सर्तहरू स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा झिमरुक गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन्।

१६. बाँकी अन्य कुरा बुझ्नु परेमा झिमरुक गाउँपालिकाको कार्यालय सम्पर्क नं. ९८५७८३६००५,९८४९६१२९४८ अथवा www.bolpatra.gov.np/egpo मा हेर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# काम नगरेका सडकसम्बन्धी २५ रुग्ण ठेक्का तोडियो

**मिसन संवाददाता**
*काठमाडौं, १ मंसिर*




सरकारले सडक निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र रुग्ण ठेक्का तोड्न सुरु गरेको छ। सडक डिभिजन कार्यालय काठमाडौंले सोमबार एक सूचना जारी गरी २५ रुग्ण ठेक्का तोडिएको उल्लेख गरेको हो। ठेक्का तोडिएका आयोजना आर्थिक वर्ष २०६७-०६८ देखि २०७९-०८० मा सम्झौता भएका छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कूलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने, आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएका थिए। त्यसपछि सडक विभाग मातहतका कार्यालय रुग्ण ठेक्का तोड्नका लागि प्रक्रिया अगाडि बढाइएका थिए।

सडक डिभिजन कार्यालय काठमाडौंबाट गत कात्तिक ११ गते 'ठेक्का किन नतोड्ने ?' भन्दै सम्बन्धित २५ निर्माण व्यवसायीलाई स्पष्टीकरण सोधिएको थियो। निर्माण व्यवसायीबाट पेस भएको स्पष्टीकरण चित्तबुझ्दो नभएकाले सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का रद्द गरिएको कार्यालयका प्रमुख सुबोध देवकोटाले जानकारी दिए।

कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौती बापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नाका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उनले बताए। उनका अनुसार निर्माण व्यवसायीलाई १५ दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ।

ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण सम्पन्न गर्नेतर्फ चासो नदेखाई काम अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रूपमा उपस्थित नभएर आधारभूत ठेक्का उल्लङ्घन, ठेक्काको म्याद नरहेको, ठेक्का फरफारक नगरेकाले सम्झौता रद्द गरिएको सूचनामा उल्लेख छ।

विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लङ्घन गरिएको जनाइएको छ।

# उच्च अदालतमा आगजनी र लुटपाट गर्ने ६ जना पक्राउ

**मिसन संवाददाता**
*कोहलपुर (बाँके), १ मंसिर*




उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा आगजनी, तोडफोड र लुटपाटमा संलग्न ६ जना पक्राउ परेका छन्। भदौ २४ गते भएको जेनजी प्रदर्शनको नाममा विभिन्न अपराधिक समूहद्वारा घुसपैठ भई उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा आगजनी, तोडफोड र लुटपाट तथा चोरीमा संलग्न ६ जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार पक्राउ पर्नेमा नेपालगन्ज-४ का रवि कुमार वैश्य, वडा नम्बर १० का बब्लु गोडिया, वडा नम्बर ९ का गंगा सागर बर्मा, वडा नम्बर ५ का मो.ताहिर हलवाई, वडा नम्बर ४ का एसनराज सिद्धिकी र वडा नम्बर ९ का ओमराज सोनी रहेका छन्।

उनीहरूलाई उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा आगजनी, तोडफोड र लुटपाट तथा चोरीमा दोषी रहेको अदालतको आदेशअनुसार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपक पातलीले जानकारी दिए। पक्राउ परेका ६ जनाविरुद्ध कानुनी कारबाहीका लागि अपराधिक उपद्रव सम्बन्धि मुद्दा दायर भएको थियो।

उनीहरूलाई कार्तिक ३० गते पक्राउ गरिएको उनले बताए। थप अनुसन्धानका लागि बाँके जिल्ला अदालतबाट पाँच दिनको म्याद थप भएको छ। उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलास जेनजी आन्दोलनको क्रममा पूर्ण रूपमा ध्वस्त भएको थियो।

# सुरक्षित स्थानमा निर्माण गरिएका आवासमा सरे पहिरोपीडित



**मिसन संवाददाता**
*हुम्ला, १ मंसिर*

जिल्लाको ताँजाकोट गाउँपालिका-४ का विभिन्न बस्तीमा गएको पहिरो पीडितले सुरक्षित आवासमा बस्न पाएका छन्। उत्तिस्यानी र खर्रामा पहिरो गइरहने चिन्ताको कारण बर्खामा पालो कुरेर बस्ने स्थानीय अब नयाँ र सुरक्षित स्थानमा बनाइएका आवासमा सरेका छन्। नयाँ आवासमा सर्न पाउँदा निकै खुसी भएको खर्राका स्थानीयवासी परिमल दमाईले बताए। ६ कोठे दुई तले भवन निर्माण गरेर बस्न पाएपछि उनले खुसी व्यक्त गरेका हुन्।

'पुस्तौंदेखि बस्दै आएको उत्तिस्यानी बस्तीमा बर्खा लाग्यो कि पहिरो आउने चिन्ताले सताउने गर्थ्यौं। गाउँवासी मिलेर आलोपालो मिलेर सुत्नुपर्ने बाध्यता थियो' उनले भने, 'अब सुरक्षित स्थानमा आवास निर्माण भएर बस्न पाउँदा खुसी लागेको छ। आफ्नो बास सुरक्षित बनाइदिएकोमा कर्णाली प्रदेश सरकार र गाउँपालिकालाई धन्यवाद छ।'


खर्राका अर्का स्थानीय अमर सार्कीले जिन्दगीमा यसरी बस्न पाइन्छ भन्ने सोच कहिल्यै नभएपनि नजिकको सरकारका कारण यो अवस्था आएको बताए। चार वर्षअघि गाउँमा गएको पहिरोबाट बचेको स्मरण गर्दै सार्कीले पहिलेभन्दा निकै सुरक्षित स्थानमा नयाँ बस्ती स्थान्तरण भएको जानकारी दिए।

उनीहरूले कूल लागतमा २० प्रतिशत रकम लगानी गरेर नयाँ घर निर्माण गरेका हुन्। नयाँ बस्ती खर्रामा एउटै डिजाइनका घर निर्माण भएकाले फरक र सुरक्षित महसुस भइरहेको स्थानीय बताउँछन्। वडा नम्बर ४ को उत्तिस्यानी बस्ती र खर्रा बस्ती गरी ५० घरधुरीको नयाँ भवन निर्माण गरेर नयाँ बस्ती सारिएको गाउँपालिका अध्यक्ष लालकेश जैसीले जानकारी दिए।

दुई वर्षमा आठ लाख रूपैयाँ कर्णाली प्रदेश सरकार र गाउँपालिकाको लगानी गरिएको थियो। भने कूल लागतको २० प्रतिशत स्वयंम व्यक्तिले लगानी गरेका थिए। भवनमात्र नभएर शौचालय खानेपानी र सडकसमेत सो बस्तीका लागि निर्माण गरिएको गाउँपालिका अध्यक्ष जैसीले बताए। गाउँपालिकाको भौगोलिक अवस्था नै पहिरो र भूकम्पको उच्च जोखिममा छ। हाल सारिएको बस्ती भने सुरक्षित रहेको बताइएको छ।

# सिरहामा चोकदेखि चिया पसलसम्म बढ्दै चुनावी सरगर्मी

**मिसन संवाददाता**
*सिरहा, १ मंसिर*



आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको सरगर्मी यतीबेला जिल्लाको सदरमुकामदेखि गाउँगाउँसम्मका चोक र चिया पसलहरूमा बढेको छ। बिहानै चियाको तातोपनसँगै केन्द्रमा नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को महाधिवेशन तयारीका साथै सरकारले घोषणा गरेको निर्वाचनको विषयमा गहन छलफल सुरु हुन थालिसकेको छ।

युवाहरूमा पनि चुनावी सरगर्मी उत्तिकै बढेको छ। विशेषगरी, निर्वाचनको माहोल बनाउन यहाँका जेनजी युवाहरू सक्रियतापूर्वक लागिपरेका छन्। लहानमा नगरस्तरीय जेनजी समूह गठन गरी युवा परिचालनमा जुटेका उमेश यादवले निर्वाचनको अपरिहार्यतामा जोड दिए।

'घोषित मितिमा चुनाव हुनुको विकल्पै छैन। चुनावले मात्रै युवाहरूको मागलाई सम्बोधन गर्न सक्छ। पुरानो नेतृत्वलाई विस्थापित गरी नयाँलाई स्थापित गर्न सक्छ', यादवले भने, 'यही हिसाबले हामीले युवालाई संगठित गर्दै वडा, नगर हुँदै क्षेत्रीय समितिहरू गठन र विस्तार अभियानलाई तीव्रता दिएका छौं।' उनले जेनजी मधेस प्रदेशका संयोजक शिव यादव र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तासँग समन्वय गरेर चुनावी योजनाहरू अगाडि बढाइरहेको जानकारी दिए।

युवा नेताहरूले लोकतन्त्रलाई सही मार्गमा ल्याउन र जेनजी आन्दोलनमा उठेका मागको सम्बोधनका लागि पनि निर्वाचनको विकल्प नभएको स्पष्ट धारणा सार्वजनिक गरिरहेका छन्। यद्यपि, सबै पक्ष चुनाव हुनेमा ढुक्क भने छैनन्।

स्वतन्त्र युवा भोगेन्द्रकुमार यादवले भने केही दलहरूको तयारी र आन्तरिक विवादका कारण चुनाव हुने/नहुनेमा प्रश्न उठेको बताए। 'सुदन गुरुङलगायत जेनजीका अगुवा नेताहरूले यथास्थितिमा चुनाव हुन नदिने धारणा राखेका छन्। अर्कोतिर, नेकपा एमालेसहितका दलहरूले चुनावमा जान आनाकानी गरिरहेको अवस्थामा कसरी चुनाव होला ? यथास्थितिमा चुनाव रोक्न चाहने र चुनावमा जान हिच्किचाउने धारणा दुवैतिर देखिन्छ', भोगेन्द्रको टिप्पणी छ। राष्ट्रलाई संकटबाट निकाल्न सबै पक्ष मिलेर चुनावमा जानुपर्नेमा उनले जोड दिए।

निर्वाचनको घोषणासँगै जिल्लाका प्रमुख राजनीतिक दलहरू आ-आफ्नो तयारीमा जुटेका छन्। जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सत्यनारायण यादवले भने, 'चुनावको माहोल बनाउन गाउँगाउँ पुगेर एक किसिमको अनौपचारिक अभियानमा लागेका छौं।' त्यस्तै, जनमत पार्टीका केन्द्रीय सदस्य बालेश्वर यादवले चुनाव लक्षित कार्यक्रममा आफूहरू होमिसकेको बताए। उनका अनुसार जनमत पार्टीले चुनावको विकल्प नदेखेको र मधेस प्रदेशमा सकारात्मक माहोल बनाउन युवाहरूलाई परिचालन गरिसकेको छ।

नेकपा (एमाले)का मधेस प्रदेश समितिका सदस्य सुमेश यादवले पार्टीको महाधिवेशन नजिक रहेकाले त्यसको तयारीमा जुटेको बताए। उनले संसद् पुनर्स्थापनाको माग रहे पनि एमाले निर्वाचनबाट नभाग्ने र महाधिवेशनले सबै विषयको छिनोफानो गर्ने प्रस्ट पारे।

नेपाली काँग्रेसका सिरहा-१ का क्षेत्रीय सभापति तथा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नेपाली काँग्रेस लोकतान्त्रिक पार्टी भएकाले निर्वाचनबाट भाग्ने कल्पना पनि गर्न नसक्ने धारणा राखे। उनले पार्टी आन्तरिक रूपमा निर्वाचनको तयारीमा जुटिसकेको स्पष्ट पारे।

यता नवगठित नेपाली कम्युनिष्ट पार्टीका स्थानीय नेताहरू चुनावी वातावरण बनाउन देशभरि अभियान चलाइरहेको बताउँछन्।

पार्टीका युवा नेता हेमन्त यादवले सोही अनुसार तयारी थालेको बताउँदै प्रदेश, जिल्ला तथा नगरस्तरीय एकता घोषणा सभासँगै जेनजी आन्दोलनबाट उठेका मागहरूलाई सकारात्मक रूपमा लिएर चुनावमा जाने धारणा राखे।

यसैबीच, जेनजी समूहका युवाहरू निर्वाचनको माहोल सिर्जना गर्न र जेनजी आन्दोलनको उपलब्धि सुनिश्चित गर्न सिराहाका १७ वटै पालिकामा सक्रियता बढाइरहेका छन्। जेनजी समूह सिरहाका सल्लाहकार सुदीप कुशवाहले यस अभियानले युवालाई मतदान प्रक्रियामा जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताए। घोषित मिति फागुन २१ गते नजिकिँदै गर्दा नेपालको राजनीतिक परिदृश्यमा निर्वाचनको सुनिश्चितता र त्यसले ल्याउने परिवर्तनको आशाले जनस्तरमा व्यापक बहस र उत्साह जगाएको छ।


**Notice**

I am Maisari Devi Khatri (born 26 Jan 1933) Indian Army soldier No. 5833683, wife of late Rifleman Jit Bahadur Khatri. After the death of my husband, when I went to get family pension, Kesara Khatri (born 01 Jul 1939) was mentioned in the Gurkha records of the Indian Army, but now I am not able to get the pension till I reach 12 years, so according to Nepali citizenship, the only person entitled to the Gurkha records of the Indian Army is Maisara Devi Khatri (born 26 Jan 1933). I would like to inform you through this notice that Kesara Khatri and Maisari Devi Khatri are not separate persons but are one and the same person.

**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (इन्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | DOUBLE DOOR | LG | GL-M380BPZI | 340 Ltr | INDIA | SET | NPR | 88,990/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१

**Gulmidarbar Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Gaundakot, Gulmi**
**Lumbini Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**Date of Publication: 18th November, 2025 (2th Magsir, 2082)**

| Contract ID | Name of Goods | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Bid Opening Date |
|---|---|---|---|---|
| GDRM/NCB/G-16/2082-83 | Procurement of Goods for Supply and Delivery of 65" Smart Interactive Display to Gulmidarbar Rural Municipality | 3,000 | 90,000 | 18th Dec, 2025 13:00 hours |

1. Gulmidarbar Rural Municipality, Office of the Rural Municipal Executive, Gaundakot, Gulmi invites electronics bids from eligible bidders for the Procurement of contracts mentioned below.
2. Bidders can get further information from Office of Gulmidarbar Rural Municipality, Gaudakot-03, Gulmi. (Phone No.9857067912, 9857074400 Website: www.gulmidarbarmun.gov.np) during office hours or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the Notice will be published in the notice board at Office or visit PPMO's website: www.bolpatra.gov.np/egp.The Employer/Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## सम्पादकीय

# आन्तरिक आम्दानी बढाउनमा ध्यान देऊ

कर्णाली प्रदेश सरकारले संघीयता कार्यान्वयनमा आएदेखि अहिलेसम्म दुईपटक मात्रै लक्ष्यअनुसारको आन्तरिक आम्दानी गऱ्यो। आर्थिक वर्ष २०७७-०७८ मा ३० करोड रूपैयाँ आन्तरिक आम्दानीको लक्ष्य राखिएकोमा १ सय १३ प्रतिशतले बढी र आव २०७८-०७९ मा ६० करोड रूपैयाँको लक्ष्य राखिएकोमा लक्ष्यभन्दा १० प्रतिशतले बढी आम्दानी प्रदेश सरकारले गरेको थियो। तर, पछिल्लो समय प्रदेश सरकाले आन्तरिक आम्दानीको लक्ष्य तोके अनुसार पूरा गर्न सकिरहेको छैन्। गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले लक्ष्यअनुसारको आन्तरिक आम्दानी गरेन। प्रत्येक वर्ष प्रदेश सरकारले आन्तरिक आम्दानीको लक्ष्य ठूलो राख्ने तर, त्यसलाई पूरा गर्नस्रोत बढाउन र बजेट कार्यान्वयनतर्फ नलाग्दा लक्ष्य पूरा गर्न सकिरहेको छैन। यसले गर्दा एकतिर जनतामा निराशा बढिरहेको छ भने अर्कोतर्फ प्रदेश सरकाले आन्तरिक आम्दानीको लक्ष्य पूरा गर्न सकिरहेको छैन। नेपाली उखान अनुसार 'घाटी हेरी हड्डी निल्नु' भनेजस्तै भएको छ कर्णाली प्रदेश सरकारलाई। आन्तरिक स्रोतको सुनिश्चत नगरेरै लक्ष्य ठूलो राख्ने तर, त्यसको कार्यान्वयनमा जोड नदिने समस्याले लक्ष्य भेटाउन कठिनाइ भएको देखिन्छ।

गत आर्थिक वर्ष २०८१-०८२ को तथ्यांक हेर्दा पनि वार्षिक बजेटमा ८३ करोड ४४ लाख ६५ हजार आन्तरिक आम्दानीको लक्ष्य राखेकोमा जम्मा ६५ करोड ९४ लाख ५५ रूपैयाँ मात्रै आम्दानी गर्न सक्यो। गत आवमा लक्ष्यभन्दा २१ प्रतिशत कम आन्तरिक आम्दानी गरेको प्रदेश सरकारले यसपटक गत आवको आम्दानीको तुलनामा ६८ प्रतिशतभन्दा बढी अर्थात् ९६ करोड ७४ लाख ११ हजार रूपैयाँ आन्तरिक आम्दानीको महत्वकांक्षी लक्ष्य राखेको छ। विगतका वर्षहरूमा भएका कमिकमजोरी सच्याउँदै अघि बढ्नुपर्नेमा कर्णाली सरकारले बारम्बार उहीँ गल्ती गरिरहेको छ। अहिले पनि सरकारले लिएको लक्ष्यअनुसार आन्तरिक आम्दानीको लक्ष्य भेटाउन कठिनाइ हुने पक्कापक्की जस्तै छ। देशभरमा नै राजस्व संकलन कम संकलन भइरहेका बेला कर्णालीमा लक्ष्यअनुसार राजस्व उठ्छ भन्न सकिने कुनै आधारसमेत छैन। त्यसैपनि कर्णाली ठूला उद्योग भएको प्रदेशसमेत हो। प्रदेश सरकारले आन्तरिक स्रोतको लक्ष्य तोक्नुभन्दा पहिला योजना तथा तर्जुमा बनाउँदा तल्लोतहसम्म पुग्नुपर्छ। नेताहरूको पहुँच र हचुवाका भरमा आम्दानीको लक्ष्य ठूलो तोक्ने तर, कार्यान्वयमा गम्भीर नबन्ने प्रवृत्तिले लक्ष्य पूरा गर्न कठिनाइ हुन्छ। प्रदेश सरकार स्थापना भएको आठ वर्ष बितिसक्दा पनि कर्णाली प्रदेश सरकारले आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिएको समेत पाइदैंन। बर्सेनि विभिन्न योजना राखेर ठूलो आकारको बजेट बनाउने तर, आम्दानी न्यून हुँदाको असर बजेट कार्यान्वयनमा परेको देखिन्छ।

सरकारले राजस्व संकलनका स्रोतको पहिचान नै नगरी लक्ष्य निर्धारण गर्दा आम्दानी न्यून हुने र अनुदानका भरमा ल्याउने वार्षिक बजेट कार्यान्वयनमा पनि ध्यान नदिँदा समस्या भएको पाइन्छ। कर्णाली प्रदेश समृद्धिको आधार नै जल, जंगल र जडीबुटी हो। यसलाई सही सदुपयोग गर्न नसक्दा लक्ष्यअनुसार आन्तरिक आम्दानी पूरा गर्न कठिनाइ हुन्छ। त्यसकारण राजस्वको दायरा वृद्धि गर्न स्रोतको पहिचान गरी प्रदेश सरकारले विशेष प्याकेजका रूपमा योजना अघि बढाउन जरुरी छ। कर्णाली सरकारले प्रशस्त सम्भावना बोकेको जल, जडीबुटी र खानीको क्षेत्रमा लगानी गर्न सकेको छैन। आर्थिक समृद्धिकै पहिलो आधार मानिएको पर्यटन क्षेत्रमा समेत लगानी नभएपछि आम्दानी बढ्न सकेको छैन। अर्कोतर्फ बजेट कार्यान्वयन र आम्दानीका स्रोत वृद्धिमा जनप्रतिनिधि र कर्मचारी दुवै निकाय गम्भीर बन्न जरुरी छ। वर्षभर बजेट कार्यान्वयन भए नभएको अनुगमन नहुने र असर विकासले गर्दा पनि प्रदेश सरकार पछि परेको हो। प्रदेशमा भएका आन्तरिक स्रोतको पहिचान र त्यसमा लगानी गरे प्रदेश सरकारलाई आन्तरिक आम्दानीको लक्ष्य पूरा गर्न कुनै कठिनाइ हुँदैन। त्यसैले कर्णाली प्रदेश सरकारले आन्तरिक आम्दानीको लक्ष्य तोक्नु पूर्व स्रोतको पहिचान गर्न जरुरी छ।

# वाम आन्दोलनमा देखिएका उतारचढाव



चिन्तामणि घिमिरे

१८ जनवरी १८४८ मा कम्युनिस्ट पार्टीको घोषणा पत्र छापियो। यो घोषणापत्र चार्टिष्ट आन्दोलनका एक जना नेता जे.ई.वरगार्डको लन्डनमा रहेको एउटा छापाखानामा छापिएको थियो। मजदुर वर्गको पार्टी कम्युनिस्ट लिगले त्यो घोषणापत्र लेख्ने जिम्मा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स लाई सुम्पेको थियो। मार्क्स र एङ्गेल्स भर्खरका कलकलाउँदो उमेरका नवयुवा थिए। मार्क्स ३० र एङ्गेल्स २८ वर्षका थिए।

तर, त्यतिबेलाको भौतिक परिस्थितिले ती दुवै युवाहरूलाई संसार बदल्ने वैचारिक आन्दोलनमा धकेल्यो। मार्क्स र एङ्गेल्सको वैचारिक सम्बन्ध मृत्युपर्यन्त सम्म रहिरह्यो। एङ्गेल्सले मार्क्सलाई आर्थिक सहयोग गर्नुका साथै वैचारिक सहयोग पनि गरेका थिए। एङ्गेल्सले यो काम मार्क्सको मृत्युपछि पनि उनका अधुरा रहेका कृतिहरूलाई पूरा गर्नमा आफूलाई समर्पित गरेका थिए।

विशेषतः मार्क्सको अधुरा रहेका पूँजीका बाँकी खण्डहरू पूरा गर्ने कार्यमा उनले आफूलाई समर्पित गरे। तर, दुखको कुरा यो छ कि एङ्गेल्सले मार्क्सका खण्ड २ र ३ मात्र सम्पादन गरि प्रकाशन गर्न भ्याए। तर, पूँजीको खण्ड ४ अतिरिक्त मूल्यको सिद्धान्त भन्ने महत्वपूर्ण कृति सम्पादन गर्न भ्याइएन। धेरैपछि मात्र त्यो खण्ड ४ सोभियत संघबाट प्रकाशित भएको थियो।

श्रमिक वर्गको पक्षमा लड्ने कम्युनिस्ट पार्टी एउटा मात्र हुन्छ। दर्जनौं कम्युनिस्ट नाम गरेका पार्टीहरू चाहिदैंनन्। श्रमजीवी वर्गको हकहितको लागि लड्ने कम्युनिस्ट पार्टी हरेक देशमा एउटा मात्रै कम्युनिस्ट पार्टी हुन्छ। अन्य गैर कम्युनिस्ट पार्टी जुन पूँजीवादी लोकतान्त्रिक विचारधारा का मान्यताहरूलाई बोकेर हिडेका हुन्छन्, तिनीहरूको सङ्ख्या धेरै हुनसक्छ। किनकी तिनीहरूका आ-आफ्ना स्वार्थहरू रहेका हुन्छन्।

नेपालमा कम्युनिस्ट पार्टीको स्थापना कम्युनिस्ट पार्टीको घोषणापत्रलाई आधार मानेर २००६ सालमा पुष्पलालको नेतृत्वमा गठन भएको थियो।

२००८ सालमा भएको नेकपाको प्रथम राष्ट्रिय सम्मेलनमा गुटबन्दी गरेर पुष्पलाललाई नेकपाको महासचिव पदबाट हटाइ उनको ठाउँमा मनमोहन अधिकारीलाई सम्मेलनबाट निर्वाचित गरिन्छ। पुष्पलाल सापेक्षित रूपमा एउटा इमानदार र असल व्यक्ति थिए। २०१० सालको प्रथम महाधिवेशनमा पनि पुनः मनमोहनलाई नै महासचिव बनाइयो।

त्यस्तै दोस्रो महाधिवेशनमा डा. केशरजङ्ग रायमाझीलाई महासचिवमा चयन गरियो। तेस्रो महाधिवेशनमा तुल्सीलाल अमात्यलाई महाधिवेशनको हलबाट नै महासचिवमा छानियो। तेस्रो महाधिवेशनबाट नै कम्युनिस्ट पार्टीभित्र विभाजनका रेखाहरू कोरिन थाले। तेस्रो महाधिवेशन पश्चात् नेपालको कम्युनिस्ट आन्दोलनमा विभिन्न धाराहरू देखिए। आ-आफ्ना समूह, गुट, उपगुट बनाएर रमाउने चलन रह्यो। रूस र चीनको कम्युनिस्ट पार्टीको प्रभाव धेरै परेको देखिन्छ।

एकजुट भएर आफ्नो लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नुभन्दा एक अर्कोमा आरोप-प्रत्यारोप गर्नमा नै तल्लिन रहे। २०४६ साल र २०६२-०६३ सालको जनआन्दोलनमा कार्यगत एकता वा संयुक्त मोर्चा बनायर पञ्चायती तानाशाही व्यवस्था वा राजतन्त्र विरोधी आन्दोलनमा दलहरूले महत्वपूर्ण भूमिका खेले। विस २०५२ देखि २०६२ सालसम्म तत्कालीन नेकपा (माओवादी )को नेतृत्वमा चलेको शसस्त्र संघर्षले पनि राजतन्त्रलाई फ्याँकेर लोकतान्त्रिक गणतन्त्र ल्याउनमा महत्वपूर्ण भूमिका खेलेको हो।

२०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले दलहरूलाई केही सबक सिकाएको छ। तर, दलका नेताहरूले त्यो आन्दोलनबाट पाठ सिकेर आफूलाई रूपान्तरण गर्छन कि गर्दैनन्, त्यो त भोलिका दिनहरूमा देखिने कुरा हो। मुख्यत तीन ठूला दलहरू काँग्रेस, एमाले र माओवादी केन्द्र (अब नेपाली कम्युनिस्ट पार्टी )प्रति जनताले प्रश्न तेर्स्याएका छन्। विशेषतः नयाँ पुस्ताले वाच गरिरहेका छन्। अब यी दलसँग सच्चिने कि सक्किने भन्ने कुरा रहेको देखिन्छ। यी दुई महिनामा थुप्रै नयाँ दलहरूको उदय भएको छ। तिनीहरू लामो समयसम्म रहन्छन् कि रहदैनन् भन्ने कुरा निर्वाचनमा प्राप्त गर्ने मत परिणामले नै निर्धारण गर्नेछ।

२०८२ सालको असोज-कार्तिक महिनामा राजनीतिक बहस र छलफलहरू धेरै भए। दलहरू फुट्ने र जुट्ने क्रम चलिरहे। सुरुमा चार दल सम्मिलित समाजवादी मोर्चालाई पार्टीमा रूपान्तरण गर्ने अर्थात् चार दल मिलेर पार्टी एकता गर्ने र २०८१ सालको फागुन २१ गते हुन गइरहेको संसदीय चुनावमा अपेक्षित सफलता हासिल गर्ने भन्ने रह्यो।

बीचमा फेरी दुई पार्टीहरू विप्लव नेतृत्वको नेकपा र प्रचण्ड नेतृत्वको माओवादी केन्द्र बीच पार्टी एकता हुने हल्ला पनि फैलियो। तर, बिचैमा परिस्थितिले अर्कै रूप लियो। समाजवादी मोर्चाका तीन दलहरू, विप्लव नेतृत्वको नेकपाबाट अलग भएर गएका दुई व्यक्तीले बनाएका दुई समूहहरू, अन्य केही नाम सुनिएका तर सांगठनिक अस्तित्व कम भएका समूहहरू, वामदेव गौतम नेतृत्वको एकता राष्ट्रिय अभियान, भीम रावल नेतृत्वको मातृभूमी जागरण अभियान र गोपाल किराँती लगायत १२ दल वा समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भएको घोषणा गरियो। नेताहरूले उक्त पार्टी आगामी निर्वाचनमा देशको सबैभन्दा ठूलो पार्टी बन्ने घोषणा पनि गरि भ्याए।

उता एकीकृत समाजवादीबाट घनश्याम भुसाल र रामकुमारी झाँक्री लगायतका केही नेताहरू पार्टी एकतामा सामेल भएनन्। रामकुमारी र किसन श्रेष्ठ खुरुखुरु एमालेमा प्रवेश गरे। घनश्यामले एकीकृत समाजवादी ब्युताएको घोषणा गरे। माओवादी केन्द्रमा पनि जनार्दन शर्मा,र ाम कार्की र सुदन किराँती लगायतले एकता प्रक्रियामा असहमति जनाए र अलग पनि भए। विप्लव, जनार्दन र घनश्यामकाबीचमा मोर्चा बनाउने कि पार्टी एकता गर्ने भन्ने विषयमा छलफल चल्दै थियो।

जनार्दनहरूले फड्को मारेर बाबुरामकोमा पुगे र बाबुरामको नेपाल समाजवादी पार्टीमा समाहित हुने निर्णय गरे। उता रास्वपाबाट बाहिरिएका सन्तोष परियार पनि टुप्लुक्क बाबुरामसँग मिसिन आए। अब तीनपक्ष मिलेर पार्टी एकता गर्ने घोषणा पनि गरे र मिति पनि सार्वजनिक गरे। अर्को कुनै दुर्घटना नभएमा मंसिर ७ गते एकता घोषणा हुने पक्कापक्की छ। फुट्नुभन्दा जुट्नु नै राम्रो कुरा हो। फुट्दा शक्ति कमजोर हुन्छ भने जुट्दा बलियो हुन्छ। नेपालमा निर्वाचन आयोगमा दर्ता भएका झण्डै डेढसयको हाराहारीमा दलहरू छन्। धेरै दलको आवश्यकता छैन। विचार र राजनीति मिल्नेहरू एकैठाउँ हुँदा केही फरक पर्दैन्।

हाम्रो नेपालको दलहरूको राजनीति पनि अचम्मको छ। मनपरेपछि देवत्वकरण गर्ने र मन नपरेपछि पुरै सराप्ने। एमालेबाट अलग भएपछि माधवकुमार नेपालको पार्टीमा एमाले र केपी ओलीप्रति सबैभन्दा बढी आक्रामक रामकुमारी झाँक्री थिइन्। झाँक्रीले गरेका भाषण र अन्तर्वार्ताहरू अहिलेपनि सामाजिक सञ्जालमा उपलब्ध छन्। झाँक्रीले वैचारिक र राजनीतिक तहबाट आलोचना गर्नुको सट्टा व्यक्तिगत गालीगलौजमा उत्रेकी थिइन। तिनै रामकुमारी अहिले लुरुक्क परेर एमालेमा छिरिन्। भनिन्छ कि कुनै मानिस वैचारिक र राजनीतिक रूपले कमजोर भयो भने व्यक्तिगत गालीगलौजमा उत्रिन्छ।

जनार्दन शर्माको प्रचण्डसँग कुनै वैचारिक राजनीतिक मतभेद रहेको देखिदैन। केवल पदीय बार्गेनिङ्गमा जोड घटाउ नमिलेको देखिन्छ। केवल असन्तुष्टि मात्र रहेको देखिन्छ। जनार्दनको तुलनामा राम कार्की बढी वैचारिक व्यक्ति हुन् र माओवादी केन्द्रमा वैचारिक कुरा पनि उनले बेला बेलामा उठाइरहन्थे। राम कार्की जनार्दनसँगै बाबुरामसँग मिसिन पुग्छन् वा छुट्टै केही गरेर बस्छन्। त्यसका लागि मंसिर ७ सम्म पर्खिनुपर्छ।

अहिले नेपालका वामपन्थी पार्टीहरूमा विचार, सिद्धान्त, राजनीति, दर्शन, रणनीति, कार्यनीति र कार्यदिशाकाबारेमा बहस र छलफल हुन् छाडेका छन्। नेता र कार्यकर्तालाई पूँजीवादी उपभोक्तावादले पुरै लपेटेको छ। चुनावदेखि चुनावसम्म र संसददेखि सरकारसम्म यसैमा दिनचर्या चलेको देखिन्छ। परिवर्तन र रूपान्तरण भन्ने शब्द नै पछाडी परिसकेको छ।

अहिले नेपालमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा छ। वैचारिक बहस पछाडी परेको छ। कार्यकर्ताहरूले अध्ययन गर्न छाडेका छन्। कम्युनिस्ट पार्टीको घोषणापत्र पढ्नेहरू पनि अत्यन्तै कम हुन्छन्। आफ्नै पार्टीको घोषणापत्र र दस्तावेज समेत अध्ययन गर्दैनन्।

लहलहैमा झन्डा बोकेर हिड्ने गर्छन्। कार्यकर्ताहरू बोधो भएका छन्। वैचारिक ज्ञान नभएका कार्यकर्ता धारिला हुँदैनन्। वैचारिक रूपले धारिला नभएका कार्यकर्ताले केही पनी गर्न सक्दैनन्। जस्तै धार नभएको चक्कुले तरकारी पनि काट्न सक्दैन।

कार्यकर्ताले नेतासँग आँखा जुधाएर आफ्ना कुरा निर्धक्कसँग राख्न सक्दैनन्। फरक मतलाई सम्मान र संरक्षण गर्ने परिपाटी हराउँदै गएको छ। नयाँ पुस्ताले पार्टीभित्र वैचारिक बहस छेड्नुपर्छ। पार्टी वैचारिक रूपले धारिलो भएन भने त्यसले केही पनी गर्न सक्दैन्। युवा नेताले पद प्रतिष्ठा भन्दा पनि पार्टीलाई जनमुखी र जनउत्तरदायी बनाउनतिर लाग्नुपर्छ। पार्टीलाई केवल कमाई खाने साधन मात्र बनाउँदै जाने हो भने जनताले त्यस्तो पार्टीलाई एकदिन विसर्जन गरिदिन्छन्। त्यसैले समय छँदै सचेत बनौं। यसैमा नै कल्याण छ।

# युवालाई आत्मनिर्भर बनाउँदै 'चखेल'

**पहाडी भूभागका खेतबारी बाँझिन थालेको नेपालमा चखेलले भने माटोसँगको आत्मीयता पुनर्जीवित गरेको छ । काठमाडौं उपत्यकाबाट आधा घण्टाको दूरीमा अवस्थित यो सानो गाउँ बिहानैदेखि कोलाहलमय हुन्छ- कोही मुला उखेल्दै छन्, कोही काउली बोकेर बजार हिँड्दै त कोही बीउ छर्ने तयारी गर्दैछन् । जम्मा ३६ परिवारको मात्र बसोबास रहेको उक्त गाउँमा हरेक घरको आँगनमा हरियो बोटबिरुवा फस्टाएका छन् । यहाँका बालबालिकाले खेतीको अर्थ पढाइसँगै बुझेका छन् । उनीहरुले पसिनाबाट शिक्षा र सम्मान सम्भव हुन्छ भन्ने बुझेका छन् । विद्यालय बिदाका दिन साना बालबालिका पनि बारीमा भेटिनुले यसलाई पुष्टि गरेको छ ।**

अञ्जली थापा

विदेशमा पसिना बगाएर मात्र जीवन बदलिन्छ भन्ने भ्रमलाई चिर्दै मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ चखेलका किसानले बारीमा पसिना बगाए पनि भविष्य उज्यालो हुन्छ देखाएका छन्। यही बारीले गाउँका युवालाई इन्जिनियर, नर्स, कृषिविज्ञ, प्राविधिक र आत्मनिर्भर नागरिकमा रूपान्तरण गरिरहेको छ।

पहाडी भूभागका खेतबारी बाँझिन थालेको नेपालमा चखेलले भने माटोसँगको आत्मीयता पुनर्जीवित गरेको छ। काठमाडौं उपत्यकाबाट आधा घण्टाको दूरीमा अवस्थित यो सानो गाउँ बिहानैदेखि कोलाहलमय हुन्छ- कोही मुला उखेल्दै छन्, कोही काउली बोकेर बजार हिँड्दै त कोही बीउ छर्ने तयारी गर्दैछन्। जम्मा ३६ परिवारको मात्र बसोबास रहेको उक्त गाउँमा हरेक घरको आँगनमा हरियो बोटबिरुवा फस्टाएका छन्। यहाँका बालबालिकाले खेतीको अर्थ पढाइसँगै बुझेका छन्। उनीहरूले पसिनाबाट शिक्षा र सम्मान सम्भव हुन्छ भन्ने बुझेका छन्। विद्यालय बिदाका दिन साना बालबालिका पनि बारीमा भेटिनुले यसलाई पुष्टि गरेको छ।

गाउँका किसानले गर्वका साथ भन्छन्, 'हाम्रो बारीले कति इन्जिनियर पढायो, नर्स बनायो, विज्ञान पढ्ने धेरै छन्, त्यसैले हाम्रो बारीले तरकारी होइन इन्जिनियर फलाउँछ।'

यहाँका धेरैजसो घरका छोराछोरीले बारीको आम्दानीबाट प्राविधिक शिक्षा हासिल गरेका छन्। २९ वर्षीय सिभिल इन्जिनियर मिलन गुरुङ भन्छन्, 'म काठमाडौंको कलेजमा पढ्थेँ, तर मेरो पढाइको शुल्क यही बारीको तरकारीले तिऱ्यो, अहिले जब म पुल र सडक डिजाइन गर्छु, म सोच्दछु- यो मेरो बारीको माटो र बुबाआमाको पसिनाले सम्भव गराएको हो।'

गुरुङलाई यो बारी र माटोमा यति लगाब छ कि चाडपर्वमा घर आउँदा पनि उनलाई बारीमा काम गर्न मन पर्छ। उनी थप्छन्, 'हामीलाई यो बारीले आर्थिकरूपमा सक्षम बनाएको छ, त्यसैले म बिदा हुँदा घुम्नभन्दा पनि यहीँ माटोमा पसिना बगाउन घर आउने गर्छु।'

गुरुङका अनुसार यस वर्ष मुलाको मूल्य राम्रो भएकाले आम्दानी पनि मनग्य भएको छ। काठमाडौंबाट छोटो दूरीमा रहेको यो गाउँ प्राकृतिकरूपमा अत्यन्तै मनोरम भए पनि यहाँका स्थानीयलाई पर्यटन व्यवसायभन्दा खेती गर्नमै आनन्द मिल्छ। उनको खेतबारीमात्र होइन, त्यो एउटा विद्यालय हो, जहाँ माटोले आत्मनिर्भरता सिकाउँछ र पसिनाले गर्वको अनुभव दिन्छ।

मिलनमात्र होइन, गाउँका अन्य युवा अहिले नर्सिङ, कृषि विज्ञान, सिभिल इन्जिनियरिङ र कम्प्युटर प्राविधिकजस्ता विषय पढिरहेका छन्। कतिपय जागिरमा छन्। यसै कारण गाउँमा बाहिरबाट आउनेले भन्छन्, 'यो त साँच्चै इन्जिनियर बनाउने बारी रहेछ।' यही नामले गाउँको परिचयसमेत फेरिएको छ।

स्थानीय बुढापाका भन्छन्, 'पहिले बारी बाँझो हुन्थ्यो, अहिले बारी हराभरा छ।' ५९ वर्षीया बुद्धिमाया तामाङ चखेलकी जीवन्त उदाहरण हुन्। श्रीमान् बेपत्ता भएपछि उनका लागि बाँच्ने आधार एक टुक्रा बारी मात्र थियो। पहिले मकै लगाउँथिन्, जसले वर्षभरि खान पनि पुग्दैनथ्यो। तर अहिले त्यो बारीमा गोलभेँडा, काँक्रो, बन्दा र सिमी लहलहाउँछ।

तामाङ भन्छिन्, 'पहिले मकै बाली काटेर ज्याला गर्न जान्थेँ, अहिले तरकारी बेचेर महिनामा रु ३०-४० हजार कमाउँछु, छोराछोरी पढाइ सकेर अब आफ्नै बलमा अघि बढिरहेका छन्।'

तामाङ विवाह गरेर आउँदा यो गाउँमा धेरै दुःख थियो। अन्नबालीले वर्ष नधान्ने कारण ज्याला मजदुरी गर्नुपर्ने बाध्यता थियो। तर समयसँगै खेती गर्ने तरिका फरक भएको र जीवन पनि बदलिएको उनको भनाइ छ। सुत्केरी हुँदासमेत खान धौधौ परेको सम्झँदै उनी भन्छिन्, 'हामीले नजानेर दुःख पाएका रहेछौँ, बाटो बन्यो। हामीले तरकारी रोप्न थाल्यौँ, अनि पसिना पनि त्यही बारीमा बगायौँ, अहिले दुःखबिमार हुँदा पनि रकम साथमा हुन्छ।'

बारीले उनको छोराछोरी पढाउन र घर धान्न सजिलो भएको छ। हाल उनका दुई छोरी र एक छोराले कक्षा १२ पास गरिसकेका छन्। श्रीमान् बेपत्ता भएर समस्यामा परेको उनको परिवारलाई तरकारीखेतीले सहज बनाएको छ। काठमाडौं र हेटौँडासम्मको यातायात सहज हुँदा किसानले बिहानै तरकारी सङ्कलन गरेर बजार पठाउँछन्। उत्पादनको राम्रो मूल्य पाइँदा गाउँमा पुँजी पनि जम्मा हुनथालेको छ।

**सिँचाइले ल्याएको हरियाली**

इन्द्रसरोवर गाउँपालिका-५ का वडाध्यक्ष दुतराज तितुङ भन्छन्, 'हामीले सिँचाइलाई प्राथमिकता दियौँ, सामूहिक ट्याङ्की र पाइप प्रणाली बनायौँ, किसानलाई प्रविधि सिकायौँ, अहिले गाउँमा उत्पादनमा दोब्बर वृद्धि भएको छ।'

स्थानीय सरकारको पहलमा सामूहिक सिँचाइ प्रणाली र प्रविधिमैत्री खेतीको अभ्यासले उत्पादनमा वृद्धि भएको अध्यक्ष तितुङले बताए। साथै, काठमाडौं र हेटौँडा बजारसम्म सहज यातायात पुगेकाले किसानले आफ्नो उत्पादन सजिलै बिक्री गरेर मनग्य आम्दानी गरिरहेका छन्। काठमाडौं उपत्यकाको सिमाना पार गरेपछि पुगिने यो ठाउँ पर्यटकका लागि गन्तव्य बनेको छ।

चखेल गाउँ अहिले 'सफा गाउँ, हरियो बारी' अभियानमा जोडिएको अध्यक्ष तितुङ बताउँछन्। जैविक तरकारी उत्पादनका लागि रासायनिक मल र विषादीको प्रयोग घटाइएको उनले बताए। यसले गाउँको वातावरणीय सन्तुलन र स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको उनको भनाइ छ।

कृषि ज्ञान केन्द्रले चखेललाई 'नमुना आधुनिक कृषि क्षेत्र' बनाउने योजना अघि सारेको अध्यक्ष तितुङले बताए। उनका अनुसार यहाँका किसानलाई जैविक मल, कीट व्यवस्थापन र बजार समन्वयसम्बन्धी तालिम दिइँदैछ।

**पर्यटन र अध्ययनको केन्द्र बन्दै चखेल**

मकवानपुरको हरियालीबीच बसेको चखेल अहिले कृषि पर्यटनका लागि पनि आकर्षण बनिरहेको छ। काठमाडौं-हेटौँडा जोड्ने चन्द्रागिरि डाँडाबाट यसलाई नियाल्न सकिन्छ। यहाँ आउने पर्यटक केवल दृश्य हेर्नमात्र होइन, खेती गर्ने अनुभव लिन पनि आउँछन्। धेरै शैक्षिक संस्था अध्ययन भ्रमणका लागि चखेल पुग्छन्। विद्यार्थी खेतमा काम गर्दै सिक्छन्।

विसं २०४० तिर सुरु भएको सरकारी कृषि विस्तार कार्यक्रमपछि यहाँको स्वरूप नै फेरिएको हो। किसानले सिँचाइ नहर बनाए, जैविक मल प्रयोग गर्न थाले र बारीलाई व्यवसायका रूपमा लिए। त्यसपछि गाउँको मुहार फेर्न धेरै समय लागेन। अहिले गाउँमा एउटा साझा अभियान चलिरहेको छ- 'सफा गाउँ, हरियो बारी'।

हरेक घर अगाडि हरियो झ्याली, रासायनिक मलको सट्टा जैविक मल, बारीमा घ्यूको बत्ती बालेर पूजा गर्ने चलन र सामूहिक सरसफाइ कार्यक्रमले चखेलको पहिचान नै बदलेको छ। वातावरणीय सन्तुलन राम्रो भएपछि गाउँमा चराचुरुङ्गी पनि फिर्ता आएका छन्।

इन्द्रसरोवर-५ उत्तरी मकवानपुरको काठमाडौं सिमानामा पर्छ। यहाँ नेवार र तामाङ समुदायको बसोबास प्रमुख छ भने क्षेत्री, ब्राह्मण, मगरहरू पनि एकआपसमा मिलेर बसेका छन्। यहाँको भालेश्वर महादेव मन्दिर र गुप्तेश्वर गुफा चर्चित तीर्थस्थल तथा पर्यटकस्थल हुन्। विसं २०७३ को सर्वेक्षणअनुसार वडाको जनसङ्ख्या तीन हजार ६९४ छ। स्थानीयको प्रमुख पेसा कृषि हो।

# हिमाका ८० प्रतिशत घरमा खानेपानीका धारा

नन्दराम जैशी
सुर्खेत, १ मंसिर



जुम्लाको हिमा गाउँपालिकाका करिब ८० प्रतिशत घरधुरीमा सुरक्षित खानेपानीका धारा जडान भएका छन् । 'एक घर एक धारा' नीतिका साथ कार्यान्वयनमा गएको यस पालिकाले क्रमशः सबै घरमा धारा जोड्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

गत आर्थिक वर्ष २०८१-०८२ को प्रगति विवरण सार्वजनिक गर्ने क्रममा पालिकाले ८० प्रतिशत घरधुरीमा सुरक्षित खानेपानीका धारा जडान भएको जानकारी दिएको हो । पालिकामा आयोजित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रणबहादुर बुढाले बाँकी घरधुरीमा पनि छिट्टै धारा जडान गर्ने गरी तीव्र गतिमा कार्यक्रम लागू भइरहेको जानकारी दिए ।

उनका अनुसार पालिकामा सञ्चालित विभिन्न योजनाबाट 'एक घर एक धारा' विस्तार गरिएको हो । 'करिब दुई हजार ३०२ घरधुरीमा 'एक घर एक धारा' को पहुँच पुगेको छ' उनले भने, 'शुद्ध खानेपानीको पूर्वाधार निर्माणका लागि गाउँपालिकाको सहकार्यमा 'सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) आयोजना' मार्फत खानेपानी विस्तार गरिएको हो ।'

हिमा गाउँपालिकाले खानेपानीका क्षेत्रमा कर्णाली प्रदेशकै नमुनाको काम गरेको छ । हाल हिमा गाउँपालिकाका कूल दुई हजार ३७७ घरधुरीमध्ये दुई हजार ३०२ घरधुरीमा सुरक्षित खानेपानीका धारा जडान भएका छन् । गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर शाहीले पालिकाको सतप्रतिशत जनसङ्ख्या छिट्टै सुरक्षित खानेपानीको पहुँचमा पुग्ने बताए । आफ्नो कार्यकालभित्रै गाउँपालिकाको सतप्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानीको पहुँचमा पुर्‍याउने उनको दाबी छ ।

'बाँकी घरधुरीलाई सुरक्षित खानेपानीको पहुँचमा ल्याउने योजना कार्यान्वयनकै चरणमा रहेको छ' उनले भने, 'यहाँका विभिन्न गाउँमा आधुनिक प्रविधि र समुदाय-सरकार साझेदारीबाट सबै घरधुरीमा शुद्ध खानेपानी पुर्‍याउने अभियान तीव्र छ ।' हरेक नागरिक स्वस्थ्य हुन सबैभन्दा पहिले सुरक्षित खानेपानीको पहुँचमा पुग्नुपर्छ भन्ने अध्यक्ष शाहीको हुटहुटी छ । यो गाउँपालिका कर्णालीमा अत्याधुनिक, सामुदायिक-स्वामित्वमा आधारित दिगो जलसेवा प्रणालीको रूपमा स्थापित भएको छ । कर्णालीमा खानेपानी व्यवस्थापनमा अनुकरणीय नमूना बनेको हिमा गाउँपालिकाले 'एक घर-एक धारा' अभियान सफलतापूर्वक सञ्चालन गरिरहेको हो ।

पालिकाले खानेपानी प्याकेजमात्रै तयार गरेको छैनू, खानेपानीको दिगो, समावेशी र नियमित ढाँचा पनि लागू गरेको छ । हिमाको यो नमूना कार्यक्रमले कर्णाली प्रदेशका अन्य स्थानीय तहलाई प्रेरणा दिएको छ । २०७९ मा निर्वाचितपछि गाउँपालिका अध्यक्ष शाहीको नेतृत्वले हिमालाई कर्णालीकै नमूना पालिका बनाउने अठोट लिएको छ ।

सोहीअनुसार शिक्षा, स्वास्थ्य, खानेपानीलगायत अन्य पूर्वाधार विकासमा विशेष प्रथामिकताका साथ काम भइरहेको छ भने खानेपानी क्षेत्रमा कर्णालीमै नमूना विकास हुँदैछ । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हकअन्तर्गत धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ र सफा खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने उल्लेख छ ।

सो व्यवस्था कार्यान्वयनका लागि कर्णालीका अन्य पालिकाको तुलनामा हिमाले उदाहरणीय काम गरिरहेको छ । वातावरण संरक्षणसँगै नागरिकको आधारभूत आवश्यकताभित्र पर्ने खानेपानी क्षेत्रको विकासमा हिमाले उल्लेखीय उपलब्धि हासिल गरेको छ । खानेपानी योजनालाई दिगो बनाउन उपभोक्ताबाट मासिक महसुल उठाएर बीमा र मर्मत खर्च व्यवस्थापन गर्ने गरिएको छ ।

पालिकाले गत वर्ष सञ्चालन गरिएको गाउँमै निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरबाट करिब ९७१ जनाले सेवा लिएको पालिकाले जनाएको छ । यसैगरी सामाजिक सुरक्षाभत्ता बैंकमार्फत वितरण गर्न थालिएको छ । 'छोरीको सुरक्षा जीवनभरी' को कार्यक्रमअन्तर्गत ५६ जनाको बैंक खाता खोलिएको पनि गाउँपालिकाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत बुढाका अनुसार बैंक सेवामार्फत ज्येष्ठ नागरिकलाई वृद्ध भत्ता वितरण गर्ने नीतिअनुसार ४८८ जनाले सेवा लिएका छन् ।

## गतिविधि पारदर्शी भएको ठहर

हिमा गाउँपालिकाले गत आर्थिक वर्ष भएका सबै काम कारबाहीका गतिविधि पारदर्शी भएको ठहर गर्दै आमनागरिकलाई प्रष्ट पार्न आइतबार सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत बुढाले वार्षिक भौतिक तथा वित्तिय प्रगति प्रस्तुत गरेका थिए ।

गत आर्थिक वर्षमा विकास निर्माण, कृषि, पर्यटन, खानेपानी, सिँचाइ, विद्यालय, सडक, भवन लगायतका पूर्वाधार निर्माण तथा चालूतर्फका जनचेतनात्मक तथा उत्पादनमूलक गरी ६१ वटा योजना तथा कार्यक्रम सम्पन्न भएको बहादुर बुढाले बताए । उनका अनुसार चालू तथा पूँजिगततर्फका ६१ वटा योजना र कार्यक्रम सम्पन्न हुँदा सात करोड २१ लाख सात हजार ४६३ रूपैयाँ खर्च भएको छ ।

कूल बजेट आठ करोड ८१ लाख ४९ हजार विनियोजन गरिएकोमा करिब एक करोडबढी फ्रिज भएको छ ।

त्यस्तै संघीय ससर्त अनुदान चालूतर्फ एक करोड ५६ लाख ५१ हजार बराबरका कृषि, सिँचाइ, स्वास्थ्य तर्फका दर्जनौँ कार्यक्रम सम्पन्न भएका छन् । भने संघीय ससर्त अनुदान पूँजिगत तर्फ एक करोड ६३ लाखका पाँच वटा ठूला योजना बनेका छन् ।

जसमा सुविधासम्पन्न विद्यालय भवन निर्माण, सुरक्षित नागरिक आवास निर्माण, गोरुखोला सडक निर्माण, लगायतका पूर्वाधार निर्माण भएका छन् । साथै संघीय विशेष अनुदानको ८५ लाख लागतमा कालिका मावि तलिकुडुको भवन निर्माण भएको छ । साथै संघीय राजस्व बाँडफाँड अन्तर्गत सात करोड ७० लाख खर्चेर ३४ वटा कार्यक्रम सम्पन्न भएका छन् ।

प्रदेश ससर्त अनुदान चालूतर्फको एक करोड ६७ लाखका ६ योजना, प्रदेश ससर्त अनुदान पूँजिगततर्फ २ करोड १३ लाख बराबरका १३ योजना निर्माण भएका छन् । प्रदेश समपुरक अनुदानको एक करोड २० लाखमा कैलाश माविको भवन र टाङ्गेडिदेखि छडिघट्टहुँदै बालुसम्म सडक वृहत् सिँचाइ कूलो निर्माण भएको प्रगति प्रतिवेदनमा उल्लेख छ ।

गत आवमा हिमाले सात वटा लगायत विषयगत शाखाबाट गरी २६ लाख बढी आन्तरिक राजस्व संकलन गरेको छ । गत आवमा कूल ३८ करोड ९३ लाख ५१ हजार २१५ रूपैयाँ विनियोजन गरिएको थियो । त्यस्तै पूँजिगततर्फ विनियोजित ११ करोड ७७ लाख ५० हजारमध्ये आठ करोड २५ लाख ८८ हजार ८३९ रूपैयाँ अर्थात ७०.१३ प्रतिशत खर्च भएको छ । चालूतर्फ विनियोजित कूल २७ करोड १६ लाख बढी रकममध्ये खर्च २५ करोड ३२ लाख ६४ हजार अर्थात ९३.२४ प्रतिशत खर्च भएको छ ।

# भैरवी गाउँपालिकाले हटायो ६१ जना अनुदान शिक्षक

मिसन संवाददाता
दैलेख, १ मंसिर

भैरवी गाउँपालिकाले ६१ ज्ना अनुदान शिक्षक हटाएको छ । करार अवधि नवीकरण नभएका तथा पालिकाको अनुदानबाट पारिश्रमिक पाउँदै आएका शिक्षकलाई हाजिर नगर्न आग्रह गरेको हो । आर्थिक वर्ष २०८२-०८३ का लागि विनियोजित बजेट अपुग भएपछि यस्तो निर्णय गर्नुपरेको गाउँपालिकाले सार्वजनिक सूचना जारी गरेको छ ।




गाउँपालिकाका सूचना प्रविधि अधिकृत मिलनप्रसाद शर्माका अनुसार करार अवधि समाप्त भएर म्याद नवीकरण नभएका सामुदायिक विद्यालयका अनुदानका शिक्षकलाई तत्काल प्रभावका साथ हाजिर रोक्न निर्देशन दिइएको हो । भैरवी गाउँपालिकामा हाल ६१ भन्दा बढी करार अनुदान शिक्षक कार्यरत रहेका छन् । शर्माका अनुसार पालिकाको अनुदानबाट तलब-भत्ता पाउँदै आएका करार शिक्षक, विद्यालय कर्मचारी, लेखा सहायक र बाल विकास सहयोगीका लागि चालू आर्थिक वर्ष २०८२-०८३ मा श्रावणदेखि कार्तिक मसान्तसम्मका लागि मात्र बजेट पुगेको थियो ।

चाडपर्व खर्चसहित उपलब्ध रकम सकिएकाले कार्तिकपछि तलब-भत्ता वितरण गर्न नसकिने अवस्था आएको उनले जानकारी दिए । यस्तो परिस्थितिका कारण अनुदान प्राप्त शिक्षक तथा कर्मचारीलाई हाजिर नगर्न अनुरोध गरिएको उनको भनाइ छ । उक्त निर्देशन उल्लघंन भएमा त्यसबाट उत्पन्न आर्थिक दायित्व गाउँपालिकाले नव्यहोर्ने सार्वजनिक सूचनामार्फत जानकारी गराइएको छ ।


## पेन्सन पट्टा हराएको सूचना

मिति २०८२/०७/०३ गते कोहलपुर हवलदारपुरदेखि कोहलपुर चौरहा आउने क्रममा नन्दलाल बोहराको नाममा रहेको नेपाल प्रहरीको पेन्सन पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नामः** नन्दलाल बोहरा
**ठेगानाः** कोहलपुर-७, बाँके
**पेन्सन पट्टा नं.**: १०३५८११
**सम्पर्क नं.**: ९८४५९३२७९४

## सूचना! सूचना!! सूचना!!!

म मैसरी देवि खत्री (जन्म मिति 26 Jan. 1933) भारतीय सेनाको सैन्य नं. 5833683 स्व. राइफल म्यान जित बहादुर खत्रीको श्रीमती हुँ । मेरो श्रीमानको मृत्यु पश्चात् फेमिली पेन्सन गराउन जाँदा भारतीय सेनाको गोर्खा अभिलेखमा केसरा खत्री (जन्म मिति 1 Jul 1939) फरक पर्न जाँदा अहिले १२ वर्ष पुग्दासम्म पनि पेन्सन पाउन नसक्दा भारतीय सेनाको गोर्खा अभिलेखमा नेपाली नागरिकता अनुसार एकमात्र हकदार मैसरी देवी खत्री (जन्म मिति 26 Jan. 1933) पार्ट टु आडर गर्नु आवश्यक भएको र केसरा खत्री र मैसरी देवि खत्री दुई अलग व्यक्ति नभई एउटै व्यक्ति भएको यसै सूचना मार्फत जानकारी गराउन चाहन्छु ।

## कर्मचारी आवश्यकता

यस समितीको लागि एकजना मिटर रिडर आवश्यक भएकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तपसिल बमोजिमको कागजात पेश गरी १५ दिनभित्र आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

शैक्षिक योग्यता : ए सी वा सो सरह
उमेर : ३५ बर्ष ननाघेको
तलब : आपसी समझदारीमा तय गरिने छ ।
परीक्षा : लिखित एवम् मौखिक हुनेछ ।

*स्थानीयलाई बिशेष प्राथमिकता दिइने छ आवेदन शुल्क रु ५०१ दिइ कार्यालयबाट लिन सकिनेछ छनौट भएका व्यक्तिले मिटर रिडिङको अतिरिक्त पम्प अपरेटरको समेत कार्य गर्नुपर्ने छ ।*

**खजुरा खानेपानी उपभोक्ता तथा सरसफाई समिति**
**बाँके**
०८१-५६०१०१, ९८४८०४४८२७, ९८४८०३४९३१

## १६औं वार्षिक साधारण सभामा उपस्थिति हुने बारे सूचना

यस संस्थाको मिति २०८२ असोज २२ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार यस संस्थाको १६ औं साधारण सभा तपशिलका प्रस्तावहरूमा निर्णय लिन मिति २०८२ मंसिर ०४ गते (बिहीबार) दिनको ११ बजे संस्थाको प्राङ्गणमा हुने हुँदा यहाँको अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**प्रस्तावहरू**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको तर्फबाट लेखा संयोजकको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ र २०८१/०८२ को वार्षिक ले.प. प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आ.व. २०८२/०८३ को अनुमानित कार्यक्रम बजेट पारित सम्बन्धमा ।
५. लेखा परिक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. साधारण सभाको माइनेट प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
७. सञ्चालन तथा लेखा समितिको निर्वाचन सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

**बलराम भट्टराई**
**अध्यक्ष**
**भेरी शीत भण्डार सहकारी संस्था लि.**
**कोहलपुर-११, बाँके**

## मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली बर्दगोरिया गा.पा. वडा नं. १ वस्ने कुसा देवी बडुवालका नाममा दर्ता स्नेस्ता रहेको कैलाली जिल्ला दोदोधरा गा.वि.स. वडा नं. ८ कि. नं. ४५९क्षेत्रफल ०-१०-०-० जग्गाको मोठ श्रेष्ता र ज. घ.द.द. प्र पुर्जामा ज.ध.को पति ससुराको नामथर, ना.प्र.नं. ना.प्र.पत्र जारी मिति ना.प्र. पत्र जारी जिल्ला र फोटो टाँस समेत नभएकोले जग्गाको मोठ श्रेष्तामा पति/ससुराको नामथर, ना.प्र.नं. ना.प्र.पत्र जारी मिति ना.प्र.पत्र जारी जिल्ला र फोटो टाँस गरि पाउँ भनी ज.ध. प्रमाण पूर्जाको सक्कल, चालु आ.व.को मालपोत तिरेको रसिद, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, वडा कार्यालयको भोगचलन सिफारिस सहित यस कार्यालयमा द नं.३१३८ मिति २०८२/७/२६ मा निवेदन दिएकोले उक्त जग्गाको जग्गा धनी दर्ता प्रमाण पत्र र मोठ श्रेष्तामा बर्दगोरिया गा.पा. १ नं. वडा कार्यालयको च. न. ६६८ मिति २०८२/७/२५ को पत्र, अनुसार ज.ध.को नामथर कुसा देवी बडुवाल पतिको नामथर बिर बहादुर बडुवाल ससुराको नामथर नन्दा बडुवाल ज ध.को ना. प्र. नं. ४/१०३०/१२९९ ना प्र प्रत्र जारी मिति २०४६/२/९ जारी जिल्ला कैलाली कायम गरी फोटो टाँस समेत गरी निवेदक कुसा देवी बडुवालका नाममा कैलाली जिल्ला दोदोधरा गा. वि. स. वडा नं. ८ कि. नं. ४५९ क्षेत्रफल ०-१०-०-० जग्गाको जग्गा धनी दर्ता प्रमाण पत्र उपलब्ध नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा ऐन कानून वमोजिम कुसा देवी बडुवालका नाममा ज.ध. को तिन पुस्ते ना.प्र.नं. ना.प्र.पत्र जारी मिति जारी जिल्ला संसोधन गरी दोदोधरा गा. वि. स. वडा नं. ८ कि. नं. ४५९ क्षेत्रफल ०-१०-०-० जग्गाको ज.ध.द.प्र. पत्र कायम भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

## CHHATRADEV RURAL MUNICIPALITY
## Office of the Rural Municipal Executive
**CHHATRAGUNJ, ARGHAKHANCHI**
**Lumbini Province, Nepal**

## Invitation For National Competitive Bidding

**Date of second publication: 2082/08/02 (18th November, 2025)**

**Chhatradev Rural Municipality, Office of Rural Municipal Executive** invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 3000)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
**Prebid Meeting :-** 2082/08/22 BS (08th December 2025) 13:00 Hrs.
**Last Date of Bid Purchase and Submission:** 18th December, 2025 (2082/09/03 BS) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Inclusive VAT & PS | Bid Security Amount with min. Validity up to 17th April, 2026. |
|---|---|---|---|
| 1 | Sheri Khola-Mathura-Gajyang Khola River Training and Embankment Construction Works, Chhatradev-3, 4, 5 & 6 CRM/ARG/NCB/W/05/082/83 | NRs. 88,03,354.14 | NRs. 2,19,000/- |

**Chief Administrative Officer**

# सुदूरपश्चिमद्वारा स्थानीय तहलाई सवारी कर बाँडफाँड

मिसन संवाददाता
*धनगढी, १ मंसिर*

सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशका ८८ वटा स्थानीय तहलाई सवा सात करोड रूपैयाँ सवारीसाधन कर बाँडफाँड गरेको छ। चालू आर्थिक वर्षको पहिलो तीन महिनामा संकलन भएको सवारीसाधन करमध्ये सात करोड १८ लाख एक हजार ९९५ रूपैयाँ स्थानीय तहहरूलाई बाँडफाँड गरिएको हो।

प्रदेश सरकारले सवारी साधन करबापत उठेको रकममध्ये ६० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रहेको ४० प्रतिशत प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिसका आधारमा स्थानीय तहहरूलाई सवारी साधन कर बाँडफाँड गर्ने गरेको छ।

प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०८२-०८३ को साउनमा दुई करोड ५८ लाख ७३ हजार ५९८ रूपैयाँ, भदौमा एक करोड ८३ लाख १९ हजार ६९ रूपैयाँ र असोजमा दुई करोड ७६ लाख नौ हजार १२८ रूपैयाँ सवारीसाधन करबापत ८८ वटै स्थानीय तहलाई बाँडफाँड गरिएको थियो।

प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालय र यातायात सेवा कार्यालयहरूले सवारीसाधन कर संकलन गरी प्रदेश विभाज्य कोषमा जम्मा गर्ने गरेका छन्। सो कोषमा जम्मा भएको रकममध्ये प्रदेशको आर्थिक मामिला मन्त्रालयले ६० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत रकम प्रदेशमा रहेका स्थानीय तहहरूलाई मासिक रूपमा बाँडफाँड गर्ने गरेको छ।

प्रदेशमा सबैभन्दा बढी सवारीसाधन करको हिस्सा पाउने स्थानीय तह धनगढी उपमहानगरपालिका हो। प्रदेश राजधानी समेत रहेको धानगढीमा सबैभन्दा बढी सवारीसाधनको चाप रहेको र सडक सञ्जाल समेत धेरै रहेकोले सवारीसधान करको सबैभन्दा धेरै हिस्सा धनगढीले पाउने गरेको छ। धनगढीले असोजमा १४ लाख ८१ हजार १५३ रूपैयाँ, भदौमा नौ लाख ८२ हजार ७६७ र साउनमा १३ लाख ८८ हजार ५७ रूपैयाँ सवारीसाधन कर बाँडफाँडबाट प्राप्त गरेको छ।

सवारी साधन करको दोस्रो ठूलो हिस्सा लम्कीचुहा नगरपालिका र तेस्रो ठूलो हिस्सा गौरीगंगा नगरपालिकाले पाउने गरेको छ। लम्कीचुहाले असोजमा १२ लाख ५७ हजार नौ सय, भदौमा आठ लाख ३४ हजार ६३५ र साउनमा ११ लाख ७८ हजार ८३६ रूपैयाँ प्राप्त गरेको छ भने गौरीगंगाले ति महिनाहरूमा क्रमशः आठ लाख पाँच हजार ११३, पाँच लाख ३४ हजार २०५ र सात लाख ५४ हजार ५०९ रूपैयाँ प्राप्त गरेका छन्। यसैगरी, सवारीसाधन कर बाँडफाँडबापत चौथो ठूलो हिस्सा पाउनेमा कञ्चनपुरको भीमदत्त नगरपालिका र पाँचौं ठूलो हिस्सा पाउनेमा कैलालीको गोदावरी नगरपालिका छ।

साउनदेखि असोजसम्म भीमदत्तले क्रमशः सात लाख १४ हजार ९५७, पाँच लाख छ हजार २०१, सात लाख ६२ हजार ९०९ रूपैयाँ पाएको थियो भने गोदावरीले पाँच लाख ९३ हजार ८४९, चार लाख २० हजार ४५४ र छ लाख ३३ हजार ६७८ रूपैयाँ प्राप्त गरेको छ।

प्रदेशमा सवारी साधन कर बाँडफाँडको सबैभन्दा कम हिस्सा पाउनेमा बझाङको दुर्गाथली गाउँपालिका छ। दुर्गाथलीले साउनमा ७२ हजार ६९३, भदौमा ५१ हजार ४६८ र असोजमा ७७ हजार ५६९ रूपैयाँ प्राप्त गरेको छ। अन्य स्थानीय तहहरूले सवारीसाधन कर बाँडफाँडबाट लाखौं रकम पाइरहँदा एक लाखभन्दा कम हिस्सा पाउनेमा बझाङको मष्टा, बाजुराको स्वामीकार्तिक गाउँपालिका र दार्चुलाको लेकम गाउँपालिका पनि छन्।

चालू आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले सवारी साधन करमा उल्लेख्य वृद्धि गरेको छ। आर्थिक मामिला मन्त्रालयले अन्य प्रदेशसँग समान हुने गरी प्रदेशमा सवारी साधन कर हेरफेर गरेको जनाएको छ।




# जिल्लास्तरीय वार्षिक स्वास्थ्य समीक्षा गोष्ठी सुरु

मिसन संवाददाता
*कैलाली, १ मंसिर*

स्वास्थ्य सेवा सुधार र विकासका लागि आयोजित वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी सोमबारदेखि धनगढीमा सुरु भएको छ। स्वास्थ्य कार्यालय कैलालीको आयोजनामा भएको कार्यक्रमको जिल्ला समन्वय समिति कैलाली प्रमुख टिकाकुमारी चौधरी भुलले उद्घाटन गरेकी थिइन्।

उनले स्थानीय तहमा कार्यरत स्वयंसेवकहरूको गुनासो बढ्दो रहेको भन्दै मूल्यांकन र सेवासुविधा पर्याप्त नहुँदा मनोबल कमजोर भएको बताइन्। उनले भनिन्, 'स्वयम्सेवकाहरू सेवा सुविधामा विभेदमा परेको गुनासो आउँछ। स्वास्थ्य क्षेत्र सुधारमा चुनौतीहरू छन। त्यसको निकासका लागि पनि व्यापक छलफल हुनुपर्छ।' गोष्ठीमा स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक नरेन्द्र कार्कीले नतिजामुखी लगानीको आवश्यकता औंल्याउँदै स्वास्थ्य सेवा प्रवाह प्रभावकारी बनाउन संस्थागत सुदृढीकरणमा ध्यान दिनुपर्ने बताएका थिए।

उनले विश्व स्वास्थ्य संगठनले तोकेको प्रतिवद्धता पर्याप्त बजेट अभावका कारण पूरा गर्न नसकिएको उल्लेख गर्दै, योजनाहरू व्यवहारिक तथा दीर्घकालीन हुनुपर्नेमा जोड दिए।

सामाजिक विकास मन्त्रालयका सचिव डाक्टर हेमराज रेग्मीले प्रदेशको समृद्धिका लागि स्वस्थ नागरिक अपरिहार्य भएको र स्वास्थ्य, पोषण तथा सरसफाइमा विशेष ध्यान दिए जनस्वास्थ्य सूचकांक सुधार हुने बताए। 'स्वस्थ र योग्य नागरिकबाटै सबै क्षेत्रको विकास सम्भव छ,' उनले भने।

स्वास्थ्य कार्यालय कैलालीका प्रमुख रमेश कुँवरको अध्यक्षतामा सुरु भएको गोष्ठी आज मंगलबारसम्म चल्नेछ।

**Bhumikasthan Municipality**
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**03/BMA/W/BT/2082/083 Belbot Ansurkot Jogitari Motorable Road Black Topped Works**
**Date of publication: 11-18-2025 (2082-08-02 B.S.)**

1. **Bhumikasthan Municipality, Arghakhanchi has allocated funds** towards the cost of **03/BMA/W/BT/2082/083 Belbot Ansurkot Jogitari Motorable Road Black Topped Works** and intends to apply part of the funds to cover eligible payments under the Contract **for 03/BMA/W/BT/2082/083 Belbot Ansurkot Jogitari Motorable Road Black Topped Works** Bidding is open to all eligible as per Section V of bidding document.
2. **Bhumikasthan Municipality, Arghakhanchi** invites electronic bids from eligible bidders for the construction of **Belbot Ansurkot Jogitari Motorable Road Black Topped Works** under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the **best 3 years within the last 10 years: NRs.42350978.27**
Minimum Work experience of similar size and nature: **Work value of single blacktopped road NRs.25410586.96**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
Or
Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO' se-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (payment of a non-refundable fee) in the account as specified below.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Prabhu Bank Ltd.
**Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
**Office Code no:** 801055101 **Office Account no:** 2587086986800138
**Rajaswa (revenue) Shirshak no:** 14249
6. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi at 7th December, 2025 (2082.08.21) 13.00 Hrs.**
7. Electronic bids must be submitted to the office **Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12.00 Hrs** on the Date of **18th December, 2025.** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13.00 Hrs** on the Date of **18th December, 2025.** at the office of **Bhumikasthan Municipality, Office of the Municipal Executive, Nuwakot, Arghakhanchi.** Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs.11,97,000/,** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# नीति तथा योजना आयोगद्वारा एकीकृत पुस्तक हस्तान्तरण

मिसन संवाददाता
*कैलाली, १ मंसिर*

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको चालू आर्थिक वर्ष २०८२-०८३ को वार्षिक विकास कार्यक्रमअन्तर्गत जिल्लागत कार्यक्रमको एकीकृत पुस्तक सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई हस्तान्तरण गरेको छ।

सोमबार प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन रानासहितको टोलीले मुख्यमन्त्री शाहलाई उक्त पुस्तक हस्तान्तरण गरेको हो।

पुस्तक हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री शाहले पुस्तकले प्रदेश सरकार र नागरिकबीच विकासको सेतुका रूपमा कार्य गर्नेमा विश्वास व्यक्त गरे। उनले यसले सुशासन प्रवर्द्धन गर्दै सरकारको विकास रणनीति र लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउनाका साथै नागरिकलाई बजेट र कार्यक्रमका बारेमा जानकारी दिने बताए। पुस्तकले सरकारप्रति नागरिकको विश्वास र उत्तरदायित्वलाई अझ सबल बनाउनमा थप सहयोग पुग्ने उनको भनाइ छ।

प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयले प्रत्येक वर्ष प्रदेश सभाबाट बजेट पारित भएपछि वार्षिक विकास कार्यक्रम प्रकाशन गर्दै आएको छ। यस वर्षदेखि प्रदेश नीति तथा योजना आयोगले नौवटै जिल्लाका जिल्ला समन्वय समिति र ८८ वटै स्थानीय तहका निकायगत तथा जिल्लागत कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विनियोजन विधेयक तथा कार्यक्रम र बजेटलाई समेटेर सङ्क्षिप्त पुस्तक प्रकाशन गरेको हो।

## 'संरचना सुधार नगरे चुनावपछि पनि यही अवस्था रहन्छ'

**धनगढी।** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले संस्थागत संरचनामा सुधार नगरेसम्म राजनीतिक परिवर्तनले मात्र मुलुकको अवस्था नफेरिने बताएका छन्। धनगढीमा सोमबार सार्वजनिक उत्तरदायित्व प्रवर्द्धनका लागि एफएम रेडियोकर्मीका लागि आयोजित असल अभ्यास सम्बन्धी अनुशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उनले संरचनागत सुधार अहिलेको आवश्यकता रहेको बताएका हुन्।

कर्मचारी संयन्त्रप्रति लक्षित गर्दै मुख्यमन्त्री शाहले संरचनागत सुधार नहुँदा चाहेर पनि काम गर्न नसकिने अवस्था रहेको बताए। काम गर्दा ढिलासुस्ती, प्रक्रियामा अल्झिनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले संरचनागत सुधार नभएसम्म चुनावपछि पनि अहिलेको मुलुकको अवस्थामा खासै परिवर्तन नहुने दावी गरे। 'यी सबै कुरामा सुधार गरेर नजाने हो भने चुनावपछि पनि केही हुनेवाला छैन। सांसद, मन्त्रीसम्म भ्रष्टाचार गर्ने गरेको भन्ने आएपछि हामीले उपभोक्ता समिति खारेज गर्‍यौं तर संघसँग बाँझिएको नाममा कार्यान्वयन भएन' कर्मचारी संयन्त्रप्रति इंगित गर्दै उनले भने, 'अनुकूल भए बाँझिए पनि ठीक्क हुने नभए संघसँग बाँझियो, बाँझिएको हदसम्ममा निश्क्रिय हुन्छ भन्ने कुराहरू छन्।'

**Invitation for Bids**

**Sisne Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Rukumkot, Rukum (East)**
**Lumbini Province, Nepal**

**Invitation for Sealed Quotation for the Procurement and Supply of Medicine (Livestock)**

**First Date of Publication: 2082/08/02 B.S.**

1. Sisne Rural Municipality (SRM) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under Sealed Quotation procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office Sisne Rural Municipality Rukumkot, Rukum (East) on or before 12:00 Noon on 2082/08/17 B.S. (2025/12/03 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2082/08/17 B.S. (2025/12/03 A.D.) at the office of Sisne Rural Municipality Rukumkot, Rukum (East). Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of the below mentioned amount which shall be valid for **30 days** beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing **Public Procurement Act, 2063** and **Regulations, 2064** including all amendments.
6. ***Sisne Rural Municipality Office Rukumkot, Rukum (East)*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank: *Nepal Bank Ltd, Rukumkot Branch*
Name of Office: *Sisne Rural Municipality, Rukumkot, Rukum (East)*

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c Name | GA 1.1 SISNE GA. PA. AANTARIK RAJASWA KHATA (Revenue Code:14229) | Sisne Ga.pa. Dharauti Khata |
| A/c No. | 18903000001001000001 | 18903000003000000001 |

7. The Name and identification no. of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (without VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Medicine (Livestock) | EGP/SQ/SRM/G/Medicine-03/082/83 | 1,600,001.96/- | 1,000.00/- | 40,000.00/- |

**Chief Administrative Officer**

# अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमनमा वृद्धि

**मिसन संवाददाता**
*कास्की, १ मंसिर*

गण्डकी प्रदेशका पाँच जिल्लामा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा पछिल्ला वर्षमा विदेशी पर्यटकको आगमनमा वृद्धि भएको छ। कोभिड-१९ महामारीका कारण सन् २०२१ मा पर्यटक सङ्ख्या घटे पनि त्यसयता बर्सेनि पर्यटक आगमनमा सुधार आएको हो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का अनुसार सन् २०२२ मा एक लाख २९ हजार ७१८, सन् २०२३ मा एक लाख ९१ हजार ६६६ र सन् २०२४ मा दुई लाख ४४ हजार २५ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका हुन्।

सन् २०२५ को १० महिनामै गत वर्षको भन्दा बढी पर्यटक आएको 'एक्याप' को तथ्यांकले देखाएको छ। गत जनवरीदेखि अक्टोबरसम्ममा दुई लाख ४६ हजार ५७५ विदेशी पर्यटक यहाँ भित्रिएका छन्। उक्त अवधिमा दक्षिण एसियाली मुलुकका एक लाख ४६ हजार ९६८ र अन्य मुलुकका ९९ हजार ६०७ पर्यटक आएको 'एक्याप' का प्रमुख डा रविन कडरियाले जानकारी दिनुभयो। सबैभन्दा बढी गत अप्रिलमा ४४ हजार ७६३ पर्यटक आएकामा जनवरीमा सबैभन्दा कम नौ हजार ३५९ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका हुन्।

'जेनजी' आन्दोलनलगायत कारणले गत सेप्टेम्बरमा अघिल्लो वर्षको तुलनामा केही कम पर्यटक आए पनि अक्टोबरमा भने यसवर्ष एक हजार ५५७ पर्यटक बढी आएका 'एक्याप'ले जनाएको छ। नोभेम्बरपछि पर्यटक आगमन विस्तारै घट्ने र मार्चपछि पुनःपर्यटक बढ्ने प्रमुख डा कडरियाले जानकारी दिए।

पदयात्रा पर्यटनका लागि विश्वमाझ चिनिएको अन्नपूर्ण क्षेत्रमा सेप्टेम्बरदेखि नोभेम्बर र मार्चदेखि मेसम्ममा विदेशी पर्यटकको आगमन वृद्धि हुने गरेको छ। सडक मार्ग भएर यस क्षेत्रमा विभिन्न पर्यटकीय गन्तव्यस्थलको भ्रमण गर्ने पर्यटकको सङ्ख्या सोही याममा बढी हुने गर्छ। मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन्। 'एक्याप'ले अन्नपूर्ण क्षेत्रको भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ। सडक मार्ग भएर मुस्ताङ, मुस्ताङलगायतका गन्तव्यमा पुग्ने आन्तरिक पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएको प्रमुख डा कडरियाले बताए। अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्दै आएको उनको भनाइ छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्।

अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिने 'एक्याप'ले जनाएको छ।

# चालूखाता र शोधनान्तर बचतमा

**मिसन संवाददाता**
*काठमाडौँ, १ मंसिर*

चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा चालू खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८२-०८३ को असोज महिनासम्मको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनअनुसार चालू खाता रू दुई खर्ब ३७ अर्ब ५९ करोडले बचतमा रहेको छ।

यस अवधिमा खुद पुँजीगत ट्रान्सफर रू पाँच अर्ब ५५ करोड रहेको छ। त्यस्तै, पछिल्लो तीन महिनामा रू एक अर्ब ७४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको राष्ट्र बैंकले जनाएको छ। असोज मसान्तसम्ममा शोधनान्तर स्थिति रू दुई खर्ब ६४ अर्ब तीन करोडले बचतमा रहेको छ।

गत असार मसान्तमा रू २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो तीन महिनामा ११ दशमलव तीन प्रतिशतले वृद्धि भई असोज मसान्तमा रू २९ खर्ब ७९ अर्ब ८१ करोड पुगेको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रू २४ खर्ब १४ अर्ब ६४ करोड रहेकामा गत असोज मसान्तमा १० दशमलव पाँच पाँच प्रतिशतले वृद्धि भई रू २६ खर्ब ६७ अर्ब ७० करोड पुगेको छ।

त्यस्तै राष्ट्र बैंक बाहेक बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति १८ दशमलव सात प्रतिशतले वृद्धि भई रू तीन खर्ब १२ अर्ब १० करोड कायम भएको छ। गत असोज मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षको तेस्रो महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १९ दशमलव नौ महिनाको वस्तु आयात र १६ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ।




## राष्ट्र बैंकले ४२ अर्ब सरकारलाई उपलब्ध गराउने

नेपाल राष्ट्र बैंकको सम्पत्ति तथा दायित्व रु २६ खर्ब २३ करोड ९५ लाख ४० हजार बराबरको पुगेको छ। आर्थिक वर्ष २०८१-०८२ को प्रतिवेदनअनुसार, २०८२ असार मसान्तको वित्तीय स्थितिमा २९ दशमलव २३ प्रतिशतले वृद्धि भएको हो।

केन्द्रीय बैंकका अनुसार, विभिन्न कोषमा आवश्यक रकम विनियोजन गरी बाँकी रु ४२ अर्ब नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको छ। वार्षिक प्रतिवेदनअनुसार आव २०८१-०८२ को विदेशी विनिमय तथा अन्य सम्पत्ति पुनः मूल्यांकन लाभ हानी समायोजनअघिको खुद् आय अघिल्लो वर्षको तुलनामा नौ दशमलव ११ प्रतिशतले वृद्धि भई रु ८० अर्ब ४८ करोड २६ लाख ५० हजार कायम भएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९१ मा बैंकले वासलात, आय, व्यय र सोसँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने र आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

# कर दिवसको अवसरमा उत्कृष्ट करदाता सम्मानित

**मिसन संवाददाता**
*काठमाडौँ, १ मंसिर*

राष्ट्रिय कर दिवस-२०८२ का अवसरमा उत्कृष्ट करदातालाई सम्मानित गरिएको छ। आन्तरिक राजस्व विभागले सोमबार एक कार्यक्रमबीच आर्थिक वर्ष २०८०-०८१ को आय विवरणअनुसार क्षेत्रगत रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मानित गरेको हो।

सबैभन्दा बढी आयकर दाखिला गर्ने कम्पनीका रूपमा नेपाल दुरसञ्चार प्राधिकरण सम्मानित भएको छ।

त्यस्तै, एकलौटी फर्ममध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने थर्ड आई इण्टरनेशनल, वस्तु निर्यातको कारोवार गर्नेमध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने डावर नेपाल प्रालि, सूचना प्रविधि सम्बन्धी सेवामा सबैभन्दा बढी आयकर दाखिला गर्ने ओरिक्स नेपाल प्रालि र कृषि एवं पशुपंक्षीजन्य उद्योगमध्ये गर्ने मध्ये पोषक ब्रिडर फार्म प्रालिलाई सम्मानित गरिएको हो।

त्यस्तै, बैंकिङ र बीमा संस्थातर्फ नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड, स्वास्थ्य तथा शैक्षिक संस्थातर्फ नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल, पर्यटन व्यवसायतर्फ सोल्टी होटल लिमिटेड, वस्तु व्यापार गर्ने संस्थातर्फ भाटभटेनी सुपर मार्केट, ऊर्जामूलक उद्योगतर्फ भोटेकोशी पावर कम्पनी प्रालि, रेमिट्यान्स तथा मनी कारोबार गर्ने संस्थामा आईएमई लिमिटेड सम्मानित भएको हो।

व्यक्तिगत आयकरतर्फ सबैभन्दा बढी कर तिर्ने राजबहादुर शाहलाई सम्मानित गरिएको छ। वार्षिक कारोबारका आधारमा रू ५० करोडदेखि रू एक अर्बसम्मको कारोबार गर्नेमा सिडिएस एण्ड क्लियरिङ लिमिटेड र रू ५० करोडसम्मको कारोबार गर्ने संस्थाका रूपमा भिएफ सर्भिसेज प्रालिलाई सम्मानित गरिएको छ।


**Ramaroshan Rural Municipality**
**Office of The Municipal Executive**
Shantada, Achham
Sudurpashchim Province Nepal

**Invitation for Electronic Bids**

Date of publication: 2025/11/18

Ramaroshan Rural Municipality, Achham invites open competitive bidding from the eligible Nepalese bidders for the procurement mentioned below.

| S. N. | Description of Work and Contract ID | Estimated Cost Nrs. ( Without Vat) | Bid Security Amount (NRs.) | Bid validity period/Bid security period/Bid security fee |
|---|---|---|---|---|
| 1. | Procurement, supply and delivery of Backhoe Loader (RRM/NCB/GOODS/ 2082/083-02) | 49,11,504.43/- | 1,22,800/- | 90days/120days/NRs.3000 |

Electronic bids must be submitted on or before 2025/12/18 at 11:45 AM and bids will be opened at 1:15 PM on the same day. For Further Details visit: www.bolpatra.gov.np/egp

Chief Administrative Officer



**बेलडाँडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बेलडाँडी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०२)

यस कार्यालयबाट मिति २०८२।०४।२५ गते युग आह्वान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल:-

| ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | योजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.सहित) |
|---|---|---|---|
| BRM/2082/83/ Works/NCB-01 | श्री डि.डि.एल-गुराँस-पन्त जेभि भि.न.पा. १८, कञ्चनपुर। | Construction of black top road from Chawanni Bazar to Kanchhi bazar,ward no.02, Beldandi rural municipality,Kanchanpur. | ३,७०,९७,५७९।६५ |

प्रमुख प्रशासकीय अधिकृत



**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना**

प्रकाशित मिति : २०८२/०८/०२ गतेको मिसन टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नेपालगंज, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८२/०८/०८ गते/स्थान : शाखा कार्यालय नेपालगंज, बाँके**

**बोलपत्र खोलिने मिति/समय**
**२०८२/०८/१० गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : भेरी हार्डवेयर**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँके<br>प्रा.फ.र.नं. ५७५/३१७३/०७१/०७२, दर्ता मिति : २०७२/०१/०९, पान नं. ६०३१६५५११, दर्ता मिति : २०७२/०१/१०<br>ठेगाना : बाँके जिल्ला, नेपालगंज उ.प.न.पा. वडा नं. १८, **प्रोप्राइटर : एहतिसाम शेष** |
| | **नाम : अमन हार्डवयर**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया, बर्दिया<br>प्रा.फ.र.नं. ९४६/८३१७/०७५/०७६, दर्ता मिति : २०७६/०३/०४, पान नं. ६१०९८१०१८, दर्ता मिति : २०७६/०४/१०<br>ठेगाना : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२, **प्रोप्राइटर : इमदाद शेष** |
| | **नाम : केदवाई उड सप्लायर्स**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया, बर्दिया<br>प्रा.फ.र.नं. १३०/१४५८/०६८/०६९, दर्ता मिति : २०६८/०६/०४, पान नं. ३०५२१७६३१, दर्ता मिति : २०६८/१२/०५<br>ठेगाना : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२, **प्रोप्राइटर : नजमुद्दिन शेष** |

**जमानतकर्ताको विवरण**

**१. नाम : एहतिसाम शेष**
ना.प्र.नं. ६५१००१/३५८०, जि.प्र.का. बर्दिया
जारी मिति : २०६८/०३/१०
बाबुको नाम : नजमुद्दिन शेष
बाजेको नाम : मोहिउद्दिन शेष
ठेगाना : बर्दिया जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ६
हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२

**२. नाम : नजमुद्दिन शेष**
ना.प्र.नं. ४०८३५, जि.प्र.का. बर्दिया
जारी मिति : २०४०/०४/१६
बाबुको नाम : मोहिउद्दिन शेष
बाजेको नाम : अब्दुल कादिर शेष
ठेगाना : बर्दिया जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ६
हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२

**३. नाम : निगार शेष**
ना.प्र.नं. ६५१००८-१८९२, जि.प्र.का. बर्दिया
जारी मिति : २०६८/०३/१०
पतिको नाम : नजमुद्दिन शेष
सुसुराको नाम : मोहिउद्दिन शेष
ठेगाना : बर्दिया जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ६
हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२

**४. नाम : इन्जमाम शेष**
ना.प्र.नं. ६५-०१-७१-०७५५६, जि.प्र.का. बर्दिया
जारी मिति : २०७१/१२/०८
बाबुको नाम : नजमुद्दिन शेष
बाजेको नाम : मोहिउद्दिन शेष
ठेगाना : बर्दिया जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं. ६
हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२

**५. नाम : इमदाद शेष**
ना.प्र.नं. ६५-०१-७५-०३००४, जि.प्र.का. बर्दिया, जारी मिति : २०७५/०४/१४
बाबुको नाम : नजमुद्दिन शेष, बाजेको नाम : मोहिउद्दिन शेष
ठेगाना : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. १२

**धितोको विवरण**

निगार शेषको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४४८१ र ४४८३ को क्षेत्रफल क्रमशः २२८.५६ र ५९.२६ (ब.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : नेपालगंज, बाँके, फोन नं. ०८१-४१५१९१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



Mob:9829602188
**लाइफलाइन जनरल हस्पिटल**
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

**गणपति डेण्टल क्लिनिक**
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिनि रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७८

## एनपीएलको दोस्रो संस्करण

# जनकपुरमाथि काठमाडौँ गोर्खाजको सहज जित

**मिसन संवाददाता**
*काठमाडौँ, १ मंसिर*

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करणको उद्घाटन खेलमा काठमाडौँ गोर्खाज विजयी भएको छ। साविक विजेता जनकपुर बोल्टसलाई ५ विकेटले पराजित गर्दै काठमाडौँ गोर्खाजले विजयी सुरुवात गरेको हो। टस हारेर पहिले ब्याटिङ गरेको जनकपुरले दिएको १३१ रनको लक्ष्य काठमाडौँले १८ ओभरमा ५ विकेट गुमाएर पूरा गरेको हो।

काठमाडौँलाई जिताउन वेन चार्ल्सवर्थले सर्वाधिक ४६ रन बनाए। आकाश त्रिपाठीले ३९, भीम सार्की ३, मिलिन्द कुमार १९, जोन सिम्पसोन १३ रनको योगदान दिए। मोहम्मद आदिल आलम ८ रनमा अविजित रहे। बलिङमा जनकपुरका किशोर महत्तो, अनिलकुमार शाह, ललित राजवंशी, जान निकोल लोफ्टी इर्न्टन र सञ्जय कृष्णमूर्तिले एकएक विकेट लिए।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको जनकपुरले ६ विकेट गुमाएर १३० रन बनाएको थियो। उद्घाटन खेलमा जनकपुर बोल्ट्सका लागि आसिफ शेखले सर्वाधिक ५४, मयन यादवले ३४ र लाहिरू समारकूनले २२ रन बनाए। कप्तान अनिल शाह शून्य रनमा आउट हुँदा लाहिरू मिलान्थाले ७ रन, सञ्जय कृष्णमुर्ती र निकोल लोफ्टी-इटनले समान २-२ रन बनाउँदा रूपेश कुमार सिंह ४ रनमा अनआउट रहे।

बलिङमा जनकपुरका मिलिन्द कुमारले सर्वाधिक ३ विकेट लिएका थिए। ४ ओभर बलिङ गरेका मिलिन्दले १५ रन खर्चेर ३ विकेट लिए। करण केसी, शाहव आलम र सन्तोष यादवले एकएक विकेट लिए। काठमाडौँ गोर्खाज गत संस्करण पाँचौँ स्थानमा रहेर लिग चरण सकाएको थियो।

दोस्रो सिजनमा भने उसले उत्कृष्ट सुरुवात गरेको छ। गत संस्करणको फाइनलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई हराउँदै उपाधि जितेको थियो। तर जनकपुरले पहिलो खेलमै हार व्यहोरेको छ। गत संस्करणकै नतिजा दोहोर्‍याउने लक्ष्यमा जनकपुर हुनेछ। जनकपुरलाई उपाधि रक्षा गर्ने चुनौती छ।

यस संस्करणका कूल ३२ खेलमध्ये २३ खेलहरू फ्लडलाइटमा खेलिने तय छ। लिग चरणका १९ तथा प्लेअफका ३ र फाइनल गरी २३ खेलहरू फ्लडलाइटमा खेलिने छन्। सोमबारको पहिलो खेल पहिलोपटक फ्लडलाइटमुनि भएको थियो। फ्लडलाइटमा हुने खेल दिउँसो ४ बजेदेखि सुरु हुनेछन् भने दिउँसो हुने खेलहरू पौने १२ बजेदेखि हुने तालिका बनाइएको छ।

३२ खेलमध्ये २३ खेल राति साँझमा हुने तय भएको आयोजक क्यानले जनाएको छ। पहिलो संस्करण भव्य भएको र दोस्रो संस्करणलाई अझै भव्य बनाउने योजना अनुसार डे नाइट म्याच गराइएको क्यानका सचिव पारस खड्काले जानकारी दिए।

एनपीएल दोस्रो संस्करणको पुरस्कार राशि पहिलो संस्करणकै कायम राखिएको छ। पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सले १ करोड १० लाख राशिको पुरस्कारसहित उपाधि जितेको थियो। उपविजेता सुदूरपश्चिम रोयल्सले ५१ लाख, तेस्रो भएको कर्णाली याक्सले २५ लाख र चौथो भएको चितवन राइनोजले १५ लाख पाएको थियो।



## एलओडी क्लब इन्टरटेनमेन्ट पार्टनर

एनपीएलको दोस्रो सिजनमा एलओडी क्लब इन्टरटेनमेन्ट पार्टनर बनेको छ। आजबाट कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा सुरू भएको एनपीएलको दोस्रो सिजनमा एलओडी क्लब इन्टरटेनमेन्ट पार्टनर बनेको हो।

एक कार्यक्रम गरेर क्लबका सीइओ रविन श्रेष्ठ र क्रिकेट एशोशिएसनका सचिव पारस खड्काले सम्झौता गरेका थिए। एनपीएलको खेल अवधिभर मनोरञ्जन



पार्टनर बनेको क्लबका सिइओ श्रेष्ठले जानकारी दिए।

उनका अनुसार खेल भइरहेको समय क्लबका डिजेहरूले 'म्युजिक' प्ले गर्ने छन्। क्लबका डिजेहरूले क्रिकेट रंगशालाको बुथमा बसेर म्युजिक प्ले गर्ने छन्।

'प्रत्येक खेलका खेलाडीहरूलाई विशेष कार्यक्रम गरेर क्लबमा स्वागत गरिन्छ' उनले भने, 'खेलमा सहभागी खेलाडी र खेल हेर्न आएका दर्शकलाई मनोरञ्जन गराउन क्लबले जिम्मेवारी पाएको छ।'

## सुदूरपश्चिबाट खेल्न क्रिस आइपुगे नेपाल




सुदूरपश्चिम रोयल्सबाट दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) खेल्ने अस्ट्रेलियाका ब्याट्सम्यान क्रिस लिन नेपाल आइपुगेका छन्। सुदूरपश्चिम रोयल्सका प्रतिनिधिहरूले लिनको स्वागत गरेका थिए। यसअघि सुदूरपश्चिम रोयल्सबाट खेल्न जोस ब्राउन र स्कट कुग्लिन पनि नेपाल आइसकेका छन्।

३५ वर्षीय लिन एक आक्रामक ब्याट्सम्यानका रूपमा चिनिन्छन्। उनले अस्ट्रेलियाका लागि ४ एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) र १८ टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन्। ओडीआईमा कुल ७५ रन बनाएका लिनले टी-२० अन्तर्राष्ट्रियमा २९१ रन जोडेका छन्। अन्तर्राष्ट्रिय क्रिकेटमा उनको उच्च स्कोर ४४ रन रहेको छ।

टी-२० क्रिकेटमा भने लिनको प्रदर्शन निकै प्रभावशाली छ। उनले आठ हजारभन्दा बढी रन बनाइसकेका छन्, जसमा ५ शतक र ५५ अर्धशतक सामेल छन्। अस्ट्रेलियन बिग ब्यास लिग (बीबीएल) मा सर्वाधिक रन बनाउने र सबैभन्दा धेरै छक्का प्रहार गर्ने ब्याट्सम्यानको कीर्तिमान पनि लिनकै नाममा छ। उनले इन्डियन प्रिमियर लिग (आईपिएल) लगायत विश्वका विभिन्न फ्रेन्चाइज लिगहरूमा पनि आफ्नो छाप छोडिसकेका छन्। सुदूरपश्चिम रोयल्सको टोलीमा दिपेन्द्रसिंह ऐरी, आरिफ शेख, बिनोद भण्डारी, अविनाश बोहरा, दिपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, इशान पाण्डे, टेक रावत, नरेन साउद, दिपेन्द्र थापा, स्कट कुग्गेलिजन, क्रिस लिन, हर्मीत सिंह र जोस ब्राउन रहेका छन्।

# धनगढीमा सहिद गौरव जोशी स्मृति फुटसल हुँदै




**मिसन संवाददाता**
*कैलाली, १ मंसिर*

कैलालीको धनगढीमा सहिद गौरव जोशी स्मृति निसर्ग स्टार सिटी कप फुटसल प्रतियोगिता-२०८२ हुने भएको छ।

स्टार सिटी युवा क्लबको आयोजनामा जेनजी आन्दोलनका सहिद गौरव जोशीको सम्झनामा फुटसल प्रतियोगिता हुने लागेको हो। आयोजकले सोमबार धनगढीमा पत्रकार सम्मेलन गर्दै फुटसल प्रतियोगिताबारे जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै क्लबका अध्यक्ष नरेन्द्र शाहले यही मंसिर १० र ११ गते धनगढीमा फुटसल प्रतियोगिता हुने जानकारी दिए। उनले प्रथम प्रतियोगिताको प्रथम पुरस्कार १ लाख र द्वितीय पुरस्कार राशी ५० हजार रहेको तथा टिम दर्ता शुल्क ५ हजार ५ सय रहेको जानकारी दिए।

उनले भने 'युवा क्लबको यो पहिलो प्रतियोगिता भएपनि हामी यसलाई निरन्तरता दिने छौँ।' उनले प्रतियोगिताको मुख्य उद्देश्य युवाहरूलाई जीवनशैली सँगसँगै विभिन्न किसिमका कूलतबाट छुट्कारा दिलाउने रहेको बताए।

सहिद गौरव जोशीका बुवा वाशुदेव जोशीले आफ्नो छोरा अब देशकै छोरा भइसकेको बताउँदै यस्ता प्रतियोगिताले आफ्नो छोराको सम्झना दिलाइरहने बताए। प्रतियोगिताको प्रवर्द्धकमा धनगढी उपमहानगरपालिका वडा नं. ५ को कार्यालय रहेको तथा मुख्य प्रायोजकमा निसर्ग अस्पताल प्रालि रहेको आयोजकले जनाएको छ।

# एफसी प्रेसिडेन्ट लिगको उपाधिका लागि लालीगुराँस र चित्लाङ भिड्दै



**मिसन संवाददाता**
*हेटौँडा, १ मंसिर*

लालीगुराँस स्पोर्ट्स एसोसिएसन र चित्लाङ फुटबल क्लब एन्फा प्रेसिडेन्ट लिगको फाइनलमा प्रवेश गरेका छन्। आइतबार भएको सेमिफाइनलमा लालीगुराँसले काँक्रेविहार युथ क्लबलाई २-० ले हरायो। विजयी टोलीका मुकुन्द कुमार निउरे र राम थापाले गोल गरे। निउरे प्लेयर अफ द म्याच घोषित भए।

अर्को सेमिफाइनलमा चित्लाङले नव जनजागृति युवा क्लबलाई सडनडेथमा ९-८ ले हरायो। निर्धारित समय गोल रहित बराबरीमा सकिएको सो खेलको पहिलो ५ पेनाल्टी सुट आउटमा ४-४ को बराबरी भएको हो। नव जनजागृतिको १०औँ पेनाल्टी असफल भएको थियो भने चित्लाङले सफलता पाएको थियो। चित्लाङका गोल रक्षक विशाल केसी प्लेयर अफ द म्याच घोषित भए। उपाधि भिडन्त आज हुँदैछ। उपाधि विजेताले १० लाख तथा उपविजेताले ५ लाख रूपैयाँ पुरस्कार पाउने छन्।

**आवश्यकता! आवश्यकता!! आवश्यकता!!!**

यस ओम साईराम भलाई कोष एण्ड इन्भेष्टमेन्ट प्रा.लि. प्रधान कार्यालय कोहलपुर बाँकेको लागि कम्प्यूरमा दखल राख्ने दक्ष अनुभवी लेखा सम्बन्धी पूर्ण ज्ञान भएको १ जना सहायक लेखापाल आवश्यकता भएकोले इच्छुक व्यक्तिहरूले तपशिलको ठेगानामा यथाशिघ्र सम्पर्क गर्नुहुन सम्बनिधत सबैमा जानकारी गरिन्छ।

१. पारिश्रमिक आपसी समझदारीमा तय गरिने छ।
२. दश अनुभवी रिटारमेन्टलाई विशेष प्राथमिकता दिइने छ।
३. कम्प्यूटरमा पूर्ण ज्ञान भएको हुनुपर्ने छ।

सम्पर्कः
ओम साईराम भलाई कोष एण्ड इन्भेष्टमेन्ट प्रा.लि.
प्रधान कार्यालयः कोहलपुर-११, बाँके
फोन नं.: ९८०२५३८४०१, ९८०२५३८४०५

## सुनमाया सम्मानित

**काठमाडौँ।** नेपाली अल्ट्रा धाविका सुनमाया बुढा नगदसहित सम्मानित भएकी छिन्। नेपाल एडभेन्चर रनिङ महासंघलेसादोबाटोस्थित महासंघको केन्द्रिय कार्यालयमा सुनमायालाई ५० हजार नगदसहित प्रशंसा पत्रबाट सम्मान गरेको हो।

सुनमायाले केही समयअघि स्पेनमा भएको वर्ल्ड माउन्टेन एन्ड ट्रेल रनिङ च्याम्पियनसिपमा ऐतिहासिक रजत जितेकी थिइन्। उनले महिला लङ डिस्ट्यान्सको ८२ किलोमिटर दूरीमा रजत जितेकी हुन्।

राष्ट्रिय खेलकुद परिषद्का पूर्व कार्यकारी



समितिका सदस्य समेत रहेका महासंघका अध्यक्ष एकेन्द्रबहादुर कुँवर र वरिष्ठ उपाध्यक्ष राजन खत्रीले एक कार्यक्रमबीच सुनमायालाई नगद र प्रशंसा पत्र प्रदान गरे।




**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक⁄सम्पादकः** बिनोद पौडेल। **कार्यकारी सम्पादकः** कृष्ण ओली। **कार्यालयः** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौँ। **फोनः** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेलः** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेलः** adv.marketingmission@gmail.com। **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।